# नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन

देवीमाया नेम्बाङ्ग
त्रि.वि.दर्ता नं. ९-२-२०४-२४-२००५
दोस्रो वर्षको परीक्षा क्रमाङ्क २१८०००५
शैक्षिक वर्ष २०६६/०६७

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत जनता
बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग
स्नातकोत्तर तह (एम.एड) द्वितीय
वर्षको नेपा.शि.५९८ को
प्रयोजनार्थ
प्रस्तुत

**शोधपत्र**

**ई. २०१४/२०७१**

जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

(४२) नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन


देवीमाया नेम्बाङ्ग

त्रि.वि.दर्ता नं. ९-२-२०४-२४-२००५

दोस्रो वर्षको परीक्षा क्रमाङ्क २१८०००५

शैक्षिक वर्ष २०६६/०६७


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत जनता
बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग
स्नातकोत्तर तह (एम.एड) द्वितीय
वर्षको नेपा.शि.५९८ को
प्रयोजनार्थ
प्रस्तुत

**शोधपत्र**

ई. २०१४/२०७१


जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी



नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन - २०७१

४२

देवीमाया नेम्बाङ्ग

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभागअन्तर्गत एम.एड दोस्रो वर्षकी छात्रा देवीमाया नेम्बाङ्गद्वारा नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पारिएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधपत्र स्नातकोत्तर तहको उपाधिका निम्ति उपयुक्त देखिएकाले बाह्य मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति २०७१/०४/२३

उपप्रा. नवीनकुमार शर्मा
(शोध निर्देशक)

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको शोधपत्रको प्रयोजनका निम्ति तयार पारेकी हुँ । प्रस्तुत शोधपत्रलाई यो स्वरूपमा ल्याउने क्रममा मैले मेरा श्रद्धेय गुरुहरूबाट स्नेहपूर्ण आशीर्वाद तथा विभिन्न महानुभावहरूबाट सहयोग प्राप्त गरेकी छु ।

नेपाली भाषाको शब्दभण्डार नै संस्कृत भाषाका शब्दभण्डारले भरिएका हुनाले तत्सम शब्दको व्याख्या विश्लेषण र अनुसन्धान गर्ने कार्यले नेपाली भाषालाई अझ दक्ष बनाउने देखिन्छ । तत्सम शब्दको विश्लेषण गरी यसको वर्ग, व्युत्पादन, अर्थ के कसरी आएको छ भन्ने कुरालाई प्रस्ट्याउन **नेपाली पाठ्पुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** नामक शीर्षकमा शोध तयार गरिएको छ । प्रस्तुत शोधको शीर्षक चयन, सामग्री सङ्कलन तथा विश्लेषण गर्दा व्यस्त हुँदाहुँदै पनि आवश्यक सहयोग, प्रेरणा र सुझाव दिई सफलताको शिखरमा पुऱ्याउनु हुने शोध निर्देशक श्रद्धेय गुरु नवीनकुमार शर्माप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । समयमै शोधप्रस्ताव स्वीकृत गरी शोधकार्य थालनी गर्न सहयोग पुऱ्याउने नेपाली शिक्षा विभागका विभागीय प्रमुख मदनराज बरालप्रति पनि आभार व्यक्त गर्दछु ।

विविध आर्थिक कठिनाइहरूसँग सङ्घर्ष गर्दै मेरो अध्ययनलाई निरन्तरता दिन सहयोग पुऱ्याउनु हुने मेरा आदरणीय बुबा वीरबहादुर नेम्बाङ्ग, आमा कमलकुमारी नेम्बाङ्ग र दाजु मन नेम्बाङ्गप्रति म आजीवन ऋणी छु । अध्ययनमा उपयुक्त वातावरण तयार गरिदिने बहिनी टिना नेम्बाङ्गलाई धन्यवाद नदिइरहन सक्तिनँ । शोध लेखन कार्यमा आवश्यक सल्लाह, सुझाव र निर्देशन दिने जनता बहुमुखी क्याम्पसका सम्पूर्ण प्राध्यापकज्यूहरू, कर्मचारी वर्ग साथै स्नातकोत्तर तह (एम.एड) द्वितीय वर्षका सम्पूर्ण साथीहरूलाई श्रद्धाभाव व्यक्त गर्दछु । प्रस्तुत शोधपत्र तयार गर्न छिटो छरितो र शुद्ध एवम् गुणस्तरीय टङ्कन कार्यमा अमूल्य सहयोग पुऱ्याइदिने नेहा कम्प्युटर्स इटहरी-५ की रञ्जना अधिकारीलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

देवीमाया नेम्बाङ्ग
(शोधार्थी)

# विषयसूची

पेज

अध्याय - एक

शोध परिचय

१.१ पृष्ठभूमि १

१.२ समस्याकथन १

१.३ शोधको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ अध्ययनको औचित्य र महत्त्व ३

१.६ अध्ययनको सीमाङ्कन ४

१.७ शोध विधि ४

अध्याय - दुई

स्रोतका आधारमा शब्दका प्रकार

२.१ शब्दको परिचय र परिभाषा ५

२.२ स्रोतका आधारमा शब्दको वर्गीकरण ५

अध्याय - तीन

नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन

३.१ कक्षा दसको नेपाली पाठ्यपुस्तकमा विधा छनोटको अवस्था ८

३.१.१ कक्षा दसको नेपाली पाठ्यपुस्तकको 'कर्तव्य' कथामा प्रयुक्त तत्सम शब्दहरू ९

३.१.२ कक्षा दसको 'दोषी चश्मा' कथामा प्रयुक्त तत्सम शब्दहरू ३३

३.१.३ कक्षा दसको 'न्यायको पक्ष' कथामा प्रयुक्त तत्सम शब्दहरू ३४

३.२ तत्सम शब्दमा प्रयुक्त उपसर्गका आधारमा विश्लेषण ३७

३.३ तत्सम शब्दमा प्रयुक्त प्रत्ययका आधारमा विश्लेषण ३९

३.४ तत्सम शब्दहरूको पदवर्गका आधारमा आवृत्ति गणना ४१

अध्याय - चार

निष्कर्ष, सुझाव र उपयोगिता


४.१ निष्कर्ष ४३

४.१.१ अनावृत्त तत्सम शब्दका सन्दर्भमा ४३

४.१.२ पदवर्गका सन्दर्भमा ४४

४.१.३ उपसर्गका सन्दर्भमा ४४

४.१.४ परसर्ग/प्रत्ययका सन्दर्भमा ४५

४.१.५ सन्धि एवम् समास भई बनेका शब्दका सन्दर्भमा ४६

४.२ सुझावहरू ४६

४.३ उपयोगिता ४८

४.३.१ नीतिगत तह ४८

४.३.२ प्रयोजनगत तह ४८

४.४ भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू ४९

सन्दर्भसामग्री

# तालिकासूची


| तालिका नं. | तालिका शीर्षक | पेज |
|---|---|---|
| १ | तत्सम शब्दमा प्रयुक्त उपसर्गका आधारमा विश्लेषण | ३७ |
| २ | तत्सम शब्दमा प्रयुक्त प्रत्ययका आधारमा विश्लेषण | ३९ |
| ३ | तत्समहरूको पदवर्गका आधारमा आवृत्ति गणना | ४१ |
| ४ | अनावृत्त शब्द | ४२ |

## अध्याय - एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

एक वा एकभन्दा बढी अक्षरले बनेको स्वतन्त्र अर्थ दिएर प्रयोगमा आउने भाषिक एकाइ शब्द हो । शब्द वाक्यमा प्रयोग भएपछि पद बन्दछ । शब्दलाई वाक्यमा रुपिमभन्दा माथिल्लो र पदावलीभन्दा तल्लो एकाइ मानिन्छ । कुनै पनि भाषामा आफ्नै माउ भाषाका र अन्य भाषाका पनि शब्दहरू हुन्छन् । नेपाली भाषा भारोपेली भाषा परिवार अन्तर्गत पर्ने भएकाले यसको शब्द भण्डारमा अन्य भाषाका शब्दहरू पनि मिसिएको पाइन्छ ।

नेपाली भाषा संस्कृतबाट प्राकृत हुँदै र कतिपय अपभ्रंश भएर विकसित भएको भाषा भएकाले यसमा संस्कृत शब्दहरू प्रशस्त छन् । यी बाहेक देशभित्र र देश बाहिर बोलिने विभिन्न भाषाबाट आएका शब्दहरू पनि छन् ती मध्ये यस शोधमा संस्कृत स्रोतबाट आएका नेपाली पाठ्यपुस्तकको कथा विद्यामा प्रयुक्त शब्दहरूको अध्ययन गरिएको छ ।

स्रोतका आधारमा नेपाली शब्दहरूलाई तत्सम, तद्भव र आगन्तुक गरी विभाजन गरे पनि तत्सम र तद्भवलाई मौलिक शब्द मानिन्छ । 'तत्सम' शब्दको अर्थ 'पहिले भए जस्तो' भएकाले संस्कृत भाषाबाट जस्ताको तस्तै नेपालीमा आएका शब्द तत्सम शब्द हुन् । तद्भव शब्द चाहिँ संस्कृतबाट विभिन्न रूप परिवर्तन हुँदै विकसित भएका शब्द हुन् । यसरी नेपाली भाषाको मूल स्रोत संस्कृत भाषा भएकाले संस्कृतबाट नेपालीमा आएकालाई मौलिक शब्द मानिएको हो । नेपाली भाषाको मौलिक शब्दमध्ये पनि तत्सम शब्दहरूको नेपाली भाषामा पृथक पहिचान र महत्त्व रहेको पाइन्छ । यही पृष्ठभूमिबाट यो शोधको शीर्षक चयन भएको हो ।

## १.२ समस्या कथन

प्रस्तुत अध्ययन निम्नलिखित समस्यामा केन्द्रित छ -

(क) कथाको सैद्धान्तिक स्वरुप के कस्तो रहेको छ ?

(ख) स्रोतका दृष्टिले शब्दहरूलाई के कसरी वर्गीकरण गर्न सकिन्छ ?

(ग) नेपाली पाठ्यपुस्तकको कथा विधामा के - कस्ता तत्सम शब्दहरू रहेका छन् ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य निम्नानुसार रहेको छ -

(क) कथाको सैद्धान्तिक स्वरूपको अध्ययन गर्नु,

(ख) स्रोतका दृष्टिले शब्दहरूको वर्गीकरण गर्नु,

(ग) नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

शब्द अभिव्यक्तिको प्रमुख स्रोत भएकाले यसको अध्ययन हुनु स्वभाविक हो । शब्दद्वारा नै वाक्य बन्ने र भाषिक अभिव्यक्तिको निर्माण हुने भएकाले शब्द भण्डारको विकास हुन्छ । शब्द भण्डारको सम्बन्धमा विदेशी तथा स्वदेशी दुबै क्षेत्रका विद्वान्ले आफ्नो अध्ययनलाई विस्तार गर्दै लगेका छन् । तसर्थ शब्द भण्डार क्षमता अध्ययन गर्ने क्रममा यस शोधकार्यमा तत्सम शब्दहरूको पूर्वकार्यको अध्ययन गरिएको छ । तत्सम शब्दका बारेमा विभिन्न विद्वान् तथा शोधकर्ताहरूले धेरै अध्ययन गरिसकेका छन् ।

भट्टराई (२०५२) द्वारा मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातक तहमा 'तरुण तपसी' नव्यकाव्यमा प्रयुक्त शब्दहरूको तत्सम शब्दको अर्थ शीर्षकमा लघु अनुसन्धान गरिएको छ । यस अनुसन्धानमा तत्सम शब्द, तत्सम शब्दको अर्थ र आवृति जस्ता कुराहरूलाई देखाइएको छ । तर यस अनुसन्धानमा तत्सम शब्दको वर्ग, व्युत्पत्ति र अर्थ स्पष्ट पारिएको पाइँदैन (पृ. ६) ।

दाहाल (२०६७) द्वारा 'कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन' गरिएको देखिन्छ । उक्त शोधपत्रमा निबन्ध विधामा आयाम, स्तर, कठिनता आदिलाई विशेष ख्याल गरी क्रमशः सरलताबाट जटिल, छोटोबाट लामो आयाम अनुसार राख्नु उपयुक्त हुने साथै निबन्ध विधामा प्रायः कठिन तत्सम शब्दहरू प्रयोग नगर्नु नै उपयुक्त हुने जस्ता सुझाबहरू प्रस्तुत गरेको पाइन्छ (पृ. ५८) ।

थापा (२०६२) द्वारा 'कक्षा दसको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन' गरिएको पाइयो । उक्त अध्ययनमा थापाले तत्सम शब्दको विस्तृत व्याख्या गरेका छन् ।

खड्का (२०६७) द्वारा 'कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनमा खड्काले तत्सम शब्दको विस्तृत व्याख्या गरेकी छन् ।

नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरअन्तर्गत कक्षा दसको अनिवार्य विषयको नेपाली नयाँ पाठ्यक्रम अनुसारको नयाँ पाठ्यपुस्तक प्रकाशित भएको हुनाले यस पाठ्यपुस्तकमा प्रयुक्त कथा विधामा रहेको तत्सम शब्दको सम्बन्धमा अध्ययन तथा अनुसन्धान भएको पाइँदैन । त्यसैले यस नयाँ परिमार्जित नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन तथा अनुसन्धान नै एक नयाँ, नौलौ र प्रारम्भिक अध्ययन हुनेछ भन्ने अपेक्षा यस अध्येताको रहेको छ ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

संस्कृत भाषा नेपाली भाषाको जननी हो । संस्कृतबाट थुप्रै शब्द नेपाली भाषामा आयातित भएर नेपाली भाषा सम्पन्न भएको छ । यसरी संस्कृतबाट नेपालीमा जस्ताको तस्तै लेखकले आफ्ना लेख रचनामा शिष्ट, श्रुतिमधुर, तथा सुललित तुल्याएका हुन्छन् । तथापि अत्याधिक क्लिष्ट तत्सम शब्दको प्रयोगले भाषालाई दुरुह र दुर्बोध्य मात्र बनाउँदैन, यसले कृतिलाई भद्दा समेत बनाउँछ । यसै सन्दर्भमा तत्सम शब्दको समुचित अध्ययन गर्नु महत्त्वपूर्ण विषय ठहरिन आउँछ ।

कक्षा दसको नेपाली पाठ्यपुस्तकभित्र रहेको कथा विधामा प्रयुक्त तत्सम शब्दको खोजी गर्नु यस शोधपत्रको औचित्य रहेको छ । भाषा शिक्षणमा शब्दहरूको महत्वपूर्ण स्थान रहेको हुन्छ । शब्द एक अर्थपूर्ण एकाइ हो । यसले सोझै पनि अर्थ प्रदान गर्ने र वाक्य निर्माणमा पनि केन्द्रीय भूमिका निर्माण हुनाले यसको औचित्यमाथि प्रकाश पार्न सकिन्छ ।

शब्द एक्लै पनि अर्थपूर्ण भई आउन सक्ने र वाक्यमा पनि अर्थपूर्ण ढङ्गले प्रयोग हुने हुनाले यसको प्रयोगमा सचेतता अपनाउनु पर्ने देखिन्छ । सबै शब्दहरूलाई समान महत्त्व दिन सकिँदैन । त्यसैले शब्दहरूको छनोट र स्तरणमा भाषा पाठयपुस्तक जस्तो महत्त्वपूर्ण सामग्रीमा ज्यादै सतकर्ता, सचेतता अपनाइ विद्यार्थीहरूको उमेर, रुचि र क्षमता जस्ता पक्षहरूलाई विचार गरी पाठ्यक्रम निर्माता, पाठयपुस्तक लेखकहरूले उपयोगमा ल्याउनुपर्ने भएकाले तत्सम शब्दको महत्त्व अझ बढिरहेको देखिन्छ । कक्षा १० का लागि

निर्धारित नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा समाविष्ट तत्सम शब्दहरूमा विद्यार्थीको क्षमता पहिल्याउन, पाठ्यपुस्तकका लागि आवश्यक विद्यार्थी, शिक्षक, समाज पाठ्यक्रमविद्, पाठ्यपुस्तक निर्माता आदिका लागि प्रस्तुत शोधपत्रले सहयोग पुऱ्याउने सन्दर्भले यो अध्ययन महत्त्वपूर्ण हुने विश्वास गर्न सकिन्छ ।

## १.६ अध्ययनको सीमाङ्कन

हरेक पाठ्यपुस्तकका विधाहरूमा विभिन्न स्रोतका शब्दहरु प्रयोग भएका हुन्छन् । भाषालाई तत्सम, तद्भव, आगन्तुक तथा अनुकरणात्मक, देशज शब्दहरूले धनी बनाएका हुन्छन् । प्रस्तुत शोधपत्र कक्षा दसको नेपाली पाठ्यपुस्तक भित्रको कथा विधामा रहेका तत्सम शब्दहरूको खोजी गर्ने कार्यमा मात्र केन्द्रित रहेको छ । कथा विधा बाहेक अन्य विधामा रहेका तत्सम शब्दहरूको खोजी र अध्ययन गर्न नसक्नु शोधकार्यको सीमा रहेको छ । तत्सम शब्दमा पनि नदोहोरिएका शब्दहरूलाई मात्र अध्ययनका लागि लिइएको छ । त्यस्तै जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानेठिमी भक्तपुरद्वारा प्रकाशित कक्षा दसको नेपाली पाठ्यपुस्तक भित्रका पाठहरूमै सीमित रहेको छ । पाठ्यपुस्तकका कथा विधाका अन्य छायाकोष्ठ भित्रका सामग्री थप सन्दर्भ सामग्री र अभ्यास खण्ड यस अध्ययनको सीमाभित्र परेको छैन ।

## १.७ शोधविधि

कुनै पनि कुरालाई वास्तविक रूप दिएर सजीव वा प्रभावकारी बनाउन विभिन्न किसिमका विधि र तौरतरिकाहरूको आवश्यकता पर्दछ । अध्ययन विधि शोधकार्यको अभिन्न अङ्ग हो । उद्देश्य प्राप्ति अध्ययन विधिको उपयुक्तता, व्यवस्थिततामा भर पर्ने हुनाले यो महŒवपूर्ण हुन्छ । एउटै मात्र विधि र प्रक्रिया प्रयोग गर्दा कुनै पनि कार्य प्रभावकारी, विश्वसनीय र प्रामाणिक हुन सक्दैन । तसर्थ अनुसन्धान पनि एक विशिष्ट व्यवस्थित एवम् सत्य तथ्यको वास्तविक खोजी कार्य भएकोले यसका लागि विभिन्न किसिमका विधिहरू अपनाउनु आवश्यक हुन्छ । यस अध्ययनमा कक्षा १० को नेपाली पाठ्यपुस्तकमा रहेका कथा विधाका तत्सम शब्दको प्रकृति, बनोट, वर्ग र अर्थलाई विश्लेषण गरिएको हुँदा पुस्तकालय विधि, पाठ्यपुस्तक विधि, छलफल विधि, विश्लेषण विधि र शोध निर्देशकज्यूको सल्लाह एवम् सुझावका साथै निर्देशनलाई शिरोपर गर्दै शोधकार्य अगाडि बढाइएको छ ।

# अध्याय - दुई

# स्रोतका आधारमा शब्दका प्रकार

## २.१ शब्दको परिचय र परिभाषा

वाक्यको विभिन्न सन्दर्भ तथा परिवेशमा आएर शब्दले भिन्न भिन्न कार्य सम्पन्न गर्दछन् । शब्दले गर्ने कार्यका आधारमा शब्दलाई विभिन्न वर्गमा वर्गीकृत गरिएको छ । शब्दलाई मुख्यतः नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रिया विशेषण, संयोजक, नामयोगी, विस्मयादिबोधक र निपात गरी नौ वर्गमा विभाजन गरिएको पाइन्छ (अधिकारी २०६८ : ६८) ।

विद्यार्थीलाई कुन शब्द कुन पदवर्गको हो भन्ने जानकारी भएन भने शब्दको प्रयोगमा अनर्थ देखापर्छ अथवा शब्दको गलत ठाउँमा प्रयोग हुनजान्छ, जस्तै उदाहरणका रूपमा 'निरन्तरता' शब्दलाई वाक्यमा प्रयोग गर्न दिदाँ कतिपय विद्यार्थीले त्यसलाई "रामले निरन्तरता काम गऱ्यो" भन्ने वाक्य लेखेको पाइयो । यहाँ 'निरन्तरता' शब्द नामवर्गको हो भन्ने जानकारी नभएर यसलाई क्रिया विशेषणका रूपमा प्रयोग गरेको पाइयो । जुन गलत प्रयोग हुन पुगेको छ । यसकारण पदवर्गको पहिचानार्थ यसको अध्ययन हुनु शैक्षणिक दृष्टिले महत्त्वपूर्ण रहेको देखिन्छ ।

## २.२ स्रोतका आधारमा शब्दको वर्गीकरण

नेपाली भाषा भारोपेली परिवारको सतम वर्गको आर्य- इरानेली शाखाको संस्कृत भाषावाट विकसित भाषा हो । त्यसैले यसको शब्द भण्डारमा संस्कृत स्रोतका शब्द बढी पाइन्छन् । स्रोत भनेको शब्द ग्रहण गर्ने ठाउँ हो (अधिकारी २०६८) । भाषिक विस्तार र वैज्ञनिक उन्नतिसँगै नेपाली भाषाले पनि विभिन्न स्रोतबाट शब्द ग्रहण गरेको छ । स्रोतका दृष्टिले शब्द दुई प्रकारका हुन्छन् - मौलिक शब्द र आगन्तुक शब्द ।

(अ) **मौलिक शब्द -** आफ्नै स्रोतमा उत्पत्ति भएर प्रयोगमा आउने शब्दलाई मौलिक शब्द भनिन्छ । संस्कृत भाषामा जसरी प्रयोग हुन्छन्, त्यही रूपमा नेपाली भाषामा आएका, रूप बदलिएर/परिवर्तन भएर आएका र नेपाली भाषाका निजी झर्रा शब्दलाई मौलिक शब्द मानिन्छ (घिमिरे २०६८ : ७७) । यसै आधारमा मौलिक शब्दलाई निम्न तीन प्रकारमा विभाजन गरिएको छ -

- **तत्सम शब्द** - संस्कृत भाषा नेपाली भाषाको माउ भाषा हो । त्यसैले संस्कृतका विभिन्न शब्दहरू विभिन्न रूपमा नेपाली भाषामा आउनु स्वभाविक देखिन्छ । यसरी आउने क्रममा कतिपय शब्दहरू सोझै वा प्राकृत हुँदै आफ्नो रूप केही बदलेर आएका छन् भने कतिपय शब्द जस्ताको तस्तै आफ्नो रूप तथा संरचना नबदलिकन आएका छन् । यसरी संस्कृत भाषाबाट जस्ताको तस्तै आएका शब्दलाई तत्सम शब्द भन्दछन् (बन्धु ,२०५२ : ७२) । अर्को शब्दमा तत् + सम = त्यो जस्तै वा समान भएर संस्कृतबाट नेपाली भाषाको प्रयोगमा आएका शब्दलाई तत्सम शब्द भन्न सकिन्छ, जस्तै- कार्य, आव्हान, कर्तव्य, निर्धन, उचित इत्यादि ।

- **तद्भव शब्द** - प्राचीन नेपालीमा परिवर्तित भएर आएका छन् र नेपाली भाषा बोल्नका लागि पुर्खाहरूले पनि प्रयोग गर्दै आएका छन् (बन्धु २०५२ : ७१) । संस्कृतका सन्तान मानिएका नेपालमै बोलिने मौथिली, भोजपुरी र भारतमा बोलिने मराठी, गुजराती, बंगालका आफ्ना शब्द छन् र ती भाषाका लागि तद्भव मानिन्छन् । जस्तै : कर्म–काम, गोष्ठ–गोठ, दुर्बल–दुब्लो, पूर्ण–पूरा आदि ।

| क.स | संस्कृत | तद्भव |
|---|---|---|
| १ | कर्म | काम |
| २ | गोष्ठ | गोठ |
| ३ | दुर्बल | दुब्लो |
| ४ | पूर्ण | पुरा |

- **स्वदेशी शब्द** -व्युतपत्ति स्पष्ट नभएका र संस्कृतेतर भाषाहरूबाट आएका शब्दहरूलाई देशी भन्ने गरिन्छ (बन्धु २०५२ : ७३ । सम्भवतः यस्ता देशी शब्द बोलचालका भाषामा बढी थिए तर लिखित भाषामा भने कमै देखिएका छन् । नेपाली भाषा भित्रका झर्रा शब्दहरू यस अन्तर्गत पर्दछन् । जस्तैः- जुरुक्क, थ्याच्च, प्वाक्क, पुलुक्क, सुटुक्क आदि ।

(आ) **आगन्तुक शब्द -** संस्कृत बाहेक नेपाल भित्र बोलिने राष्ट्रिय भाषाबाट र अन्य विदेशी भाषाबाट नेपालीमा आएका शब्दलाई विदेशी शब्द वा आगन्तुक शब्द भनिन्छ (बन्धु २०५२ : ७३) ।

नेपालीका केही आगन्तुक शब्दहरू निम्नानुसार छन् -

| | |
|---|---|
| बङ्गाली | गम्छा, माछा, ...................................................................... |
| जापानी | कराँते, जुडो, होन्डा, ................................................................ |
| कोरियाली | ते-क्वान्दो ............................................................................... |
| रसियाली | भोड्का, जार, रुबल, ............................................................. |
| जर्मन | फरेनहाइट, सेमिनार,................................................................. |
| ग्रीसेली | थर्मस, थेसिस, थ्योरी, किलोसकी,............................................. |
| फ्रेन्च | कर्लज, कर्फ्यु, कार्टुन, पुलिस, .................................................. |
| इटालियन | क्याम्पस, कोटा, भाइलिन, स्टुडियो........................................... |
| पोर्तगाली | अचार, काजु, कफी, गमला, कमिज, गिर्जा.................................. |
| तुर्की | चम्चा, तोप, कैँची, चक्कु, सौगात......................................... |
| अङ्ग्रेजी | फोटो, इन्जिन, टेबल......................................................... |
| चिनियाँ | चाउचाउ, मोमो, लिच........................................................... |
| हिन्दी | उटपटाङ, अन्धाधुन्ध, आपस............................................... |
| फारसी | अन्दाज, अनार, आवाज, किनारा, गुलाफ, पैसा................................. |
| अरबी | कागत, इनाम, तुफान, मालिक, हक, नगद.................................... |
| मैथिली | पैनी, जन, पटुवा, ढेवा ........................................................... |
| तामाङ | डम्फू, च्याङबा, सेलो, ......................................................... |
| भोटे (तिब्वती) | जिम्बु, खम्बा, च्याङ्ग्रा, लामा, यति, .......................................... |
| गुरुङ | खुर्पा, धुप, थुन्से, राडी, घले, ...................................................... |
| मगर | आले, पटुका, जाँड, रक्सी, पाखी, ................................................ |
| नेवारी | बुईगल, पर्खाल, झ्याल, पसल, गुन्द्रुक, कौसी, छिँडी, चाकु,................. |

# अध्याय - तीन

# नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन

## ३.१ कक्षा दसको नेपाली पाठ्यपुस्तकमा विधा छनोटको अवस्था -

| क.स | शीर्षक | विधा |
|---|---|---|
| १ | प्रश्नोत्तर | कविता |
| २ | वैशाख | कविता |
| ३ | सहिदहरूको सम्झनामा | कविता |
| ४ | कर्तव्य | कथा |
| ५ | दोषी चश्मा | कथा |
| ६ | न्यायको पक्ष | कथा |
| ७ | जयपृथ्वीबहादुर सिंह | जीवनी |
| ८ | इमानसिंह चेम्जोङ | जीवनी |
| ९ | नेल्सन मन्डेला | जीवनी |
| १० | जय भोलि | निबन्ध |
| ११ | मिथिला चित्रकला | निबन्ध |
| १२ | यन्त्रमानव | निबन्ध |
| १३ | काम खोज्दै जाँदा | मनोवाद |
| १४ | व्यापारिक चिठी | चिठी |
| १५ | भाग्यभन्दा परिश्रम ठूलो | वादविवाद |
| १६ | घरको माया | एकाङ्की |

### ३.१.१ कक्षा दसको नेपाली पाठ्यपुस्तकको कर्तव्य कथामा प्रयुक्त तत्सम शब्दहरू

| क्र.स | तत्सम शब्द | पदवर्ग | बनोट प्रक्रिया | अर्थ |
|---|---|---|---|---|
| १ | अकाट्य | वि. | अ+काट्+य | कसैले विरोध गर्न नसक्ने |
| २ | अक्षय | वि. | अ+क्षय | क्षय नभएको, अविनाशी |
| ३ | अक्षर | ना. | अ+क्षर | वर्ण, लिखित भाषा |
| ४ | अङ्कित | वि. | अङ्क+इत | चिन्ह, तोकिएको |
| ५ | अज्ञानता | ना. | अ+ज्ञान+ता | ज्ञान नभएको, अनपढ |
| ६ | अतिरिक्त | ना.यो | अति+रिक्त | बाहेक, अन्य |
| ७ | अध्यक्ष | ना. | अधि+अक्ष | प्रमुख व्यक्ति |
| ८ | अनुकूल | वि. | अनु+कूल | आफूलाई सहज हुने |
| ९ | आकर्षित | वि. | आ+कृष्+इत | आकर्षण गर्ने, राम्रो |
| १० | आकृति | ना. | आ+कृति | आकार, साइज |
| ११ | आघात | ना. | आ+घात | चोट, मानसिक कष्ट |
| १२ | आदेश | ना. | आ+देश | आज्ञा, उपदेश, प्रमाण |
| १३ | आन्दोलन | ना. | आन्+दोलन | हलचल, उथलपुथल |
| १४ | आर्जन | ना. | आर्ज+अन | कमाउनु |
| १५ | अग्रणी | वि. | अग्र+नी (णी) | अगाडी आउने, उत्कृष्ट |
| १६ | अग्रसर | वि. | अग्र+सर | अगाडी जाने, अगुवा |
| १७ | अङ्क | ना. | अङ्क+अ +अच् | संख्या, गन्ती |
| १८ | अटल | वि. | अ+टल | स्थिर, अडिग |
| १९ | अत्याधिक | वि. | अति+अधिक | धेरै ठूलो राशी |

| | | | | |
|---|---|---|---|---|
| २० | अत्यन्त | वि. | अति+अन्त | ज्यादै, असाध्य |
| २१ | अनिवार्य | वि. | अ+निवार्य | विकल्प नभएको |
| २२ | अनुभव | ना. | अनु+भव | दक्षता, ज्ञान |
| २३ | अनुयायी | ना. | अनु+यायी | अनुसरण गर्ने |
| २४ | अनुहार | ना. | अनु+हार | चेहरा , मुखमण्डल |
| २५ | अनेक | वि. | अन्+एक | एक भन्दा बढी |
| २६ | अन्त्येष्टि | ना. | अन्त्य+इष्टि | मरेको मान्छेको काजक्रिया |
| २७ | अन्धकार | ना. | अन्ध+कार | अध्यारो, प्रकाशको अभाव |
| २८ | अन्न | ना. | मूल शब्द | भोजनको लागि मुख्य मानिने धान, मकै, गहुँ |
| २९ | अन्य | वि. | मूल शब्द | अर्को, अरू |
| ३० | अपमान | ना. | अप+मान | बेइज्जत |
| ३१ | अपमानित | वि. | अपमान+इत | अपमान गरिएको |
| ३२ | अपराध | ना. | अप+राध | कसुर, भुल, दोष |
| ३३ | अभाव | ना. | अ+भाव | नहुने स्थिति, त्रुटि, कमी |
| ३४ | अभिनय | ना. | अभि+नय | हाउभाउ, प्रदर्शन |
| ३५ | अभियोग | ना. | अभि+योग | आरोप, दोष |
| ३६ | अभ्यास | वि. | अभि+आस | घोक्ने क्रिया, कसरत |
| ३७ | अर्जुन | ना. | अर्ज+उन(उनन्) | ध्यान |
| ३८ | अवनति | ना. | अव+नति | कमी, न्युनतम, अधोगति |
| ३९ | अवमूल्यन | ना. | अव+मूल्य+न | सरकारद्धारा अरू देशको मुद्राको दाँजोमा आफ्नो देशको मुद्राको मुल्य घटाउने काम |

| | | | | |
|---|---|---|---|---|
| ४० | अवलोकन | ना. | अव+लोक+अन | कुनै वस्तु वा स्थानलाई हेर्ने काम |
| ४१ | अवसर | ना. | अव+सर | मौका,अनुकुलता |
| ४२ | असभ्य | वि. | अ+सभ्य | सभ्य नभएको, अविष्ट |
| ४३ | असम्भव | वि. | अ+सम्भव | सम्भव नभएको, हुन नसक्ने |
| ४४ | अस्तित्व | ना. | अस्ति+त्व | कुनै वस्तुको उपस्थिति |
| ४५ | आकर्षक | वि. | आ+कृष्+अक | आकर्षण गर्ने, आफु तिर खिच्ने |
| ४६ | आकार | ना. | आ+कार | स्वरुप, आकृति |
| ४७ | आकाश | ना. | आ+काश | अन्तरिक्ष, गगन |
| ४८ | आग्रह | ना. | आ+ग्रह | अनुरोध, बिन्ति |
| ४९ | आजीवन | क्रि.वि. | आ+जीवन | जीवन रहेसम्म, जीवनभर |
| ५० | आज्ञाकारी | वि | आज्ञा+कारी | भनेको मान्ने, ज्ञानी |
| ५१ | आत्मग्लानी | ना. | आत्म+ग्लानि | सन्तोष नहुनु, पछुतो |
| ५२ | आत्मबल | ना. | आत्म+बल | आत्माको बल, आफ्नो मनोबल |
| ५३ | आदर | ना | आ+दर | मान, सम्मान, सत्कार |
| ५४ | आदरणीय | वि. | आ+दर+(द)अनीय | आदर गर्न, योग्य |
| ५५ | आदि | ना. | मूल शब्द | पहिलो, थालनी |
| ५६ | आपत्ति | ना. | आ+पद+ति | दु:ख, विपत्ति |
| ५७ | आम | ना. | मूल शब्द | सम्पूर्ण, सबै |
| ५८ | आमन्त्रण | ना. | आ+मन्त्र+अन | बोलाउने वा डाक्ने क्रिया |
| ५९ | आयोजना | ना. | आ+योजन+आ | बन्दोबस्त |
| ६० | आरम्भ | ना. | आ+रम्भ | श्रीगणेश, शुत्रपात |

| | | | | |
|---|---|---|---|---|
| ६१ | आराम | ना. | आ+रम्+अ | चैन, सुख, सुविधा |
| ६२ | आरोप | ना. | आ+रुह्+प+अ | स्थापित गर्ने क्रिया |
| ६३ | आलस्य | ना. | अलस +य | सुस्ती, जागरहिन |
| ६४ | आलोचना | ना. | आ+लोच्+अन+आ | गुण दोषको विचार गल्ती |
| ६५ | आशा | ना. | मूल शब्द | अभिलाषा, उभेद |
| ६६ | इच्छा | ना. | इष+श+आ | कुनै वस्तु पाउने उत्सुकता |
| ६७ | इतिहास | ना. | इति+ह+आस | वितेका प्रसिद्ध घटनाहरु |
| ६८ | इष्ट | वि. | मूल शब्द | चाहेको, पुजित |
| ६९ | उक्ति | ना. | उच्+ति | कथन, कसैको भनाइ |
| ७० | उच्च | वि. | उद्+चित्+अ | उचाई भएको |
| ७१ | उचित | वि. | उच+इत | योग्य, ठिक, अनुकूल |
| ७२ | उत्कृष्ट | वि. | उत्+कृष्ट | उत्तम, श्रेष्ठ, राम्रो |
| ७३ | उत्तीर्ण | वि. | उत्+तीर्ण | पार लाग्नु, उत्रिनु |
| ७४ | उत्सुकता | ना. | उत्सुक+ता | अनुकुलता, तिब्र इच्छा |
| ७५ | उदार | वि. | उद्+आ+रा+अ | खुला, व्यापक, ठुलो |
| ७६ | उपयुक्त | वि. | उप+युक्त | ठिक, सही, अनुकुल |
| ७७ | उपादान | ना. | उप+आदान | एकमुष्ट रकम, कोशेली |
| ७८ | उद्योग | ना. | उत्+योग | कलकारखाना, फ्याक्ट्री |
| ७९ | उत्तम | वि. | उद्+तय | राम्रो, उत्कृष्ट, सर्वगुण |
| ८० | उपलब्धि | ना. | उप+लव(लब्धि) | प्राप्ति, फाइदा, सफलता |
| ८१ | उपस्थिति | ना. | उप+स्थिति | सामेल हुनु, पुग्नु |

| | | | | |
|---|---|---|---|---|
| ८२ | उदास | वि. | उत्+आस | दुखि, खिन्न |
| ८३ | उद्देश्य | ना. | उत्+दिश+य | लक्ष्य, ध्येय |
| ८४ | उपचार | ना. | उप+चार | चिकित्सा, इलाज |
| ८५ | उपज | ना. | उप+ज | उत्पति, उद्भाव |
| ८६ | उपभोग | ना. | उप+भोग | कार्यमा लगाउने क्रिया |
| ८७ | उपयोगी | वि. | उपयोग+ई | उपयोगमा आउने |
| ८८ | उपयोगिता | ना. | उपयोगी+ता | लाभकारिता |
| ८९ | उपाय | ना. | मूल शब्द | जुक्ती, युक्ति |
| ९० | उल्लेखनीय | वि. | उत्+लेखनीय | लेखन गर्न लायक |
| ९१ | ऋण | ना. | ऋ+न | ऋन, कर्जा |
| ९२ | एक | वि. | इ+क | सबैभन्दा सानो संख्या वा पहिलो संख्या |
| ९३ | एकता | ना. | एक+ता | समानता, ऐक्य, बरावरी |
| ९४ | ऐतिहासिक | वि. | इतिहास +इक | इतिहाससँग सम्बन्धित |
| ९५ | औपचारिक | वि. | अपचार+इक | स्तरीय विधि |
| ९६ | औषधी | ना. | मूल शब्द | रोग निकोपारी शरीरलाई तन्दुरुस्त राख्ने वस्तु, ओखती, दबाई |
| ९७ | कक्षा | ना. | कक्ष+आ | परिधि |
| ९८ | कठिन | वि. | कठ+इन | कडा कठोर, मुस्किल |
| ९९ | कठोर | वि. | कठ+ओर | निर्दयी, निष्ठुर |
| १०० | कतिपय | वि. | कति+पय | जम्मै नभई के |
| १०१ | कथा | ना. | कथ्+आ | घटना वा आख्यान भएको रचना |
| १०२ | कथाकार | ना. | कथा+कार | कथा लेख्न व्यक्ति |

| | | | | |
|---|---|---|---|---|
| १०३ | कदम्ब | ना. | कद्+अम्ब | तेल आउने फल फल्ने एक प्रसिद्ध वृक्ष |
| १०४ | कदापि | क्रि.वि. | कदा+अपि | कहिल्यै पनि, कुनै समय पनि |
| १०५ | कर्तव्य | ना. | कृ+तव्य | एक प्रकारको वाचा |
| १०६ | कर्म | ना. | कृ+म | काम, मिहेनत |
| १०७ | कर्मठ | वि. | कर्म+अठ | काममा लागिरहने, काममा खटिरहने |
| १०८ | कर्मयोगी | वि. | कर्मयोग+ई | कनिष्ठा पूर्वक काममा लाग्ने |
| १०९ | कलम | ना. | कल+अम | लेखनी |
| ११० | कला | ना. | कल+आ | मुर्तिचित्र |
| १११ | कलाकार | ना. | कला+कार | शिव र कर |
| ११२ | कलात्मक | वि. | कला+आत्मक | आकर्षक |
| ११३ | कलियुग | ना. | कलि+युग | चौँथो युग |
| ११४ | कल्पना | ना. | कल्प+अन+आ | भावना, उत्दत |
| ११५ | कल्याण | ना. | कल्प+अन+आ | हित, उपकार |
| ११६ | कवि | ना. | कु+इ | काब्य, रचित |
| ११७ | कातर | वि. | मूल शब्द | धेरै डराउने |
| ११८ | कारक | ना. | कृ+अक | वाक्यमा कार्य सम्पन्न गर्ने |
| ११९ | कारण | ना. | कृ+अन | कार्य उत्पन्न गर्ने तत्व |
| १२० | कार्यक्रम | ना. | कार्य+क्रम | समारोह |
| १२१ | कार्यालय | ना. | कार्य+आलय | काम गर्ने ठाउँ |
| १२२ | काल | ना. | मूल शब्द | बखत, समय |
| १२३ | कोमल | वि. | मूल शब्द | नरम, कमलो |
| १२४ | केवल | क्रि.वि | मूल शब्द | मात्र, खालि |

| | | | | |
|---|---|---|---|---|
| १२५ | कुशल | वि. | कुश+अल | असल, राम्रो |
| १२६ | कुकर्म | ना. | कु+कर्म | खराब काम |
| १२७ | कृषि | ना. | कृष्+इ | खेती, किसान |
| १२८ | केन्द्रीय | वि. | केन्द्र+ईय | केन्द्रसँग सम्बन्ध राख्ने |
| १२९ | क्रमशः | क्रि.वि. | क्रम+शः | अलिअलि गरेर, पालैसँग |
| १३० | क्रुर | वि. | क्रु+र | निर्दयी, पापी |
| १३१ | क्रान्तिकारी | वि. | क्रान्ति+कारी | सामाजको चलन आदिमा फरकदल गर्न चाहने |
| १३२ | क्रियाकलाप | ना. | क्रिया+कलाप | कामको तरिका |
| १३३ | कुरीति | ना. | कु+रीति | खराव चलन र कुप्रथा |
| १३४ | क्षतिपूर्ति | ना. | क्षति+पूर्ति | कुनै गल्ति कार्य गरे बापत दिइने रकम |
| १३५ | क्षमता | ना. | क्षम+ता | कार्य गर्न सीप, कुसलता |
| १३६ | क्षेत्र | ना. | क्षि+त्र | इलाका, निश्चित गरिएको ठाउँ |
| १३७ | खण्ड | ना. | खण्ड+अ | कुडको, टुक्रो, फक्ल्याटो |
| १३८ | खेल | ना. | खेल्-अ | क्रिडा, रामरउस |
| १३९ | गणित | ना. | गण+इत | अङ्क गणित, बीज गणित तथा ज्यमिति यी तीनै अङ्ग रहने गणनाशास्त्र |
| १४० | गन्तव्य | ना. | गम+तव्य | लक्ष्य प्राप्ति गर्ने स्थान |
| १४१ | गर्व | ना. | गर्व+अ | अभिमान, अहङ्कार |
| १४२ | गुरु | ना. | गृ+उ | उपदेशक, अध्यापक |
| १४३ | गृहिणी | ना. | गृह+इनी | घरको मालिकनी, पत्नी |
| १४४ | ग्रामीण | वि | ग्राम+ईन | गाउँसंग सम्बन्धित, गाउँमा रहेको |

| | | | | |
|---|---|---|---|---|
| १४५ | घटना | ना. | घट्+अन+आ | अकस्मात भएको कुनै गतिविधि |
| १४६ | घण्टी | ना. | घण्ट+आ | पूजाआजामा बजाइने बाजा |
| १४७ | चन्दन | ना. | चन्द+अन | मगमग बासना आउने श्रीखण्ड |
| १४८ | चमत्कारी | वि. | चमत्कार+ई | चमत्कार गर्ने, आश्चर्य |
| १४९ | चयन | ना. | चि+अन | छान्ने काम |
| १५० | चरित्र | ना. | चर्+इत्र | आचरण, जीवनी, जीवन, बेहोरा |
| १५१ | चाणक्य | ना. | चणक+य | बुद्धिको तिब्रता |
| १५२ | चिता | ना. | चित+आ | शव उठाउन बनाएको दाउराको चाङ |
| १५३ | चेतनशील | वि. | चेतन+शील | चेतना भएको, बुद्धि भएको, विवेकशील |
| १५४ | चेतना | ना. | चेतन+आ | प्राणीमा रहने भित्री ज्ञान, सत्य असत्य |
| १५५ | च्युत | वि. | च्युत+अ | अपभ्रष्ट, पतित, परिच्युत |
| १५६ | छवि | ना. | मूल शब्द | इज्जत, मान मर्यादा |
| १५७ | छाया | ना. | मूल शब्द | कुनै वस्तु व्यक्तिको ऐना, पानी आदिमा देखिने प्रतिरूप |
| १५८ | छिः | वि.बो. | छी+इ | कसैको घृणित चरित्रप्रति घृणा जनाउने शब्द |
| १५९ | जगत् | ना. | ज+गम्+त | पृथ्वी, संसार, भुवन, विश्व |
| १६० | जनक्रान्ति | ना. | जन+क्रान्ति | जनताले आफ्नो देश र हित अधिकार र स्वतन्त्रताको लागि गरेको वा गरिने क्रान्ति |
| १६१ | जनता | ना. | जन+त+आ | जन साधारण, जनसमुह, दुनिया, लोक, रैती |
| १६२ | जननेता | ना. | जन+नेता | जनताको नेता, जननायक, जनताको सेवा उद्धारमा लागेको व्यक्ति |

| | | | | |
|---|---|---|---|---|
| १६३ | जन्म | ना. | जन्+म | उत्पत्ति, उद्गम, सृष्टि र उद्भव |
| १६४ | जीवन | ना. | जीव+अन | प्राण धारण, जन्म देखि प्रयत्नको समय |
| १६५ | जीवनयापन | ना. | जीवन+यापन | जीविका, जीवन निर्वाह, पेटपालो |
| १६६ | तट | ना. | तट्+अ | तिर, किनारा, क्षेत्र, खेत, प्रदेश |
| १६७ | तथा | संयो. | तत्+था | त्यसो, त्यसै, चिताए अनुसार |
| १६८ | तर्क | ना. | तर्क+अ | कुनै कुरा कसैलाई बुझाउनको लागि प्रमाण पनि दिदै गरिने कुरा |
| १६९ | तल्लीन | वि | तत्+लीन | कुनै काममा एक चित्त भएको, कुनै विषयमा लागि परेको |
| १७० | त्रिनेत्रधारी | वि. | त्रि+नेत्र+धारी | त्रिलोचन, महेश्वर, |
| १७१ | दन्त्यकथा | ना. | दन्त्य+कथा | अनुश्रुति, जनश्रुति, लाकवार्ता |
| १७२ | दयनीय | ना. | दय+अनीय | दयालाग्दो, पिलपिलाउदो, मर्म स्पर्सी |
| १७३ | दर्शन | ना. | दृश्+अन | आँखाबाट हुने पदार्थ, उनको रूप, गुण, रमिला |
| १७४ | दल | ना. | दल+अ | अन्नको बीज |
| १७५ | दाम्पत्य | ना. | दमपती+य | पति र पत्नीको आवरणी सम्बन्ध |
| १७६ | दिन | ना. | दि+इन | आजका घामका झुल्का देखि भोलिका घाम झुल्को सम्मको समय |
| १७७ | दिवस | ना. | दिव्+अस | दिन, दिवा, दिउसो |
| १७८ | दुर्योधन | ना. | दुर्+य+आ+धन | पाच पण्डव मध्येको एक भाइ |
| १७९ | दुर्व्यवहार | ना. | दुर्+व्यवहार | नराम्रो व्यवहार, अपहेला |
| १८० | दुष्ट | ना. | दुस्+त | दुर्जन, अशिष्ट |

| | | | | |
|---|---|---|---|---|
| १८१ | दूत | ना. | दू+त | सन्देश पुयाउने व्यक्ति |
| १८२ | दृढ | वि. | दृह+त | नडग्ने, नचटपटाउने |
| १८३ | दृश्य | वि. | दृश+य | दृश्य देखिने ठाउँ वा वस्तु, दर्शनीय |
| १८४ | दृष्टिविहीन | वि. | दृष्टि+विहीन | आँखाको दृष्टि शक्ति उडेको |
| १८५ | देन | ना. | (आ) [<देना] | योगदान |
| १८६ | देवता | ना. | देव+त | देवहरुको समुह, देव देवा |
| १८७ | देशभक्त | वि. | देश+भक्त | देशको भक्त, देशलाई माया गर्ने |
| १८८ | देहावसान | ना. | देह+अवसान | देहको अवसान, मृतु, देहन्त |
| १८९ | दैनिक | वि. | दिन+इक | दिनदिनै, दिनको एक पटक |
| १९० | दोषी | वि. | दोष+ई | दोष भएको, दोष गर्ने, अपराधी |
| १९१ | द्वापरयुग | ना. | द्वा+परा+युग | चार युग मध्ये तेस्रो युग |
| १९२ | द्वार | ना. | द्व+अ | दैलो, ढोका, प्रवेश पथमाध्यम |
| १९३ | द्विविधात्मक | वि. | द्वि+विधा+आत्मक | दोधार, अनिश्चित |
| १९४ | धनाढ्य | वि. | धन+आढ्य | धनी, सम्पन्न, धनवान |
| १९५ | धनी | वि. | धन+ई | सम्पत्तिवान, रुपैयाँ पैसावाला |
| १९६ | धन्यवाद | ना. | धन्य+वाद | तिमी धन्य हौ भनी कसैलाई भन्ने क्रिया, त्यसो भन्दा प्रयोग गरिने शब्द |
| १९७ | धारण | ना. | धृ+अन | धारण गर्ने काम |
| १९८ | धार्मिक | वि. | धर्म+इक | धर्म सम्बन्धि |
| २०० | धीत | वि. | धे +त | इच्छा, अभिलासा, धेरै |
| २०१ | धीर | वि. | धी+र्+अ | बुद्धिमान, विश्वासिलो |
| २०२ | धूर्त | वि. | मूल शब्द | धुत्ने काम |

| | | | | |
|---|---|---|---|---|
| २०३ | धैर्यधारण | ना. | धैर्य+धारण | संकट एवम् बाधा आइपर्दा पनि मनलाई स्थिर राख्ने |
| २०४ | ध्यान | ना. | ध्यै+न | एक सुरु विचारमा तल्लिनता |
| २०५ | ध्रुव | ना. | ध्रु+क(व) | सधै एक ठाउँमा रहने, स्थिर, अचल |
| २०६ | ध्वस्त | ना. | ध्वंस्+त | ध्वँस्त पारेकको, बिग्रेको नाश गरेको |
| २०७ | नदी | ना. | नद+ई | पर्वत वा ताल तलाउबाट निस्केर वगेको पानीको स्रोत |
| २०८ | नष्ट | वि. | नश+त | नाश भएको, विग्रेको,खेर गएको |
| २०९ | नाम | ना. | नम्+अ | वस्तु, व्यक्ति आदिलाई चिनाउने शब्द |
| २१० | नारी | ना. | नर+ई | आइमाई, स्वस्नी मान्छे, महिला |
| २११ | नास्तिक | वि. | न+आस्तिक | ईश्वर तथा प्ररलोक प्रति विश्वास नगर्ने व्यक्ति |
| २१२ | नितान्त | क्रि.वि | मूल शब्द | एक दम विलकुल |
| २१३ | नित्य | क्रि.वि. | नि+त्य | सधैको सधादिन रहने वा हुने दिनैपिछे |
| २१४ | निन्द्रा | ना. | निद+द्रा | प्राणधारीले आफ्नो शारीरिक तथा मानसिक थकाइ मार्नका लागि विश्राम गर्दा बाहिरी वा लुप्त शान्ति पाउने अवस्था |
| २१५ | निधन | ना. | नि+धन | मरण, मृत्यु |
| २१६ | निधि | ना. | नि+धि | खानी, खजना, सम्पक्ति |
| २१७ | निमित्त | ना. | नि+मित्+त | उत्पतिको निधान, कारण हेर्ने उद्देश्य |
| २१८ | नियन्त्रण | ना. | नि+यन्त्र+अन | रोकथाम, छेकथुन, नियममा बाध्नेक्रिया |
| २१९ | नियम | ना. | नि+यम | सिद्धान्त वा विधि |

| | | | | |
|---|---|---|---|---|
| २२० | नियमित | वि. | नियम+इत | निश्चित वा ठिकठिक समयमा गर्नुपर्ने |
| २२१ | नियुक्त | वि. | नि+युक्त | भर्ना गरिएको वा पार गरिएको |
| २२२ | निराश | वि. | निर+आशा | हतास, खिन्न, आशारहित |
| २२३ | निरीक्षण | ना. | निर्+ईक्षण | साचो होकि होइन भनी हेरविचार वा रेखदेख गर्ने काम |
| २२४ | निर्णय | ना. | निर्+नय | निष्कर्ष, निधो |
| २२५ | निर्दोष | वि | निर्+दोष | कुनै दोष नभएको, अवगुण नभएको |
| २२६ | निर्माण | ना. | निर्+मान | रचना वा बनावट, बनाउने काम, संरचना गर्ने काम |
| २२७ | निवृत्तिभरण | ना. | निवृत्ति+भरण | निश्चित अवधि सम्म कुनै पदमा काम गरी सेवा मुक्त भएका व्यक्तिलाई सरकार र संघसंस्था आदिले आजीवन निश्चित रकम दिने काम |
| २२८ | नीति | ना. | नी+ति | कर्तव्य, आचरण |
| २२९ | नेता | ना. | नी+ता | अगुवा, अग्रगामी |
| २३० | नेपाल | ना. | ने+पाल | पहिले टिष्टा र सतलज अनि भोट र भारतको बिचमा रहेको देश |
| २३१ | नैतिक | वि. | नीति+इक | नीतिसम्बन्धी, आध्यात्मिक |
| २३२ | न्याय | ना. | मूल शब्द | नीतिसम्बन्धी, आध्यात्मिक |
| २३३ | पक्ष | ना. | पक्ष्+अ | विभिन्न समूहमध्ये एक दल |
| २३४ | पङ्क्ति | ना. | पञ्च+ति | लहर, एक जातका वा जातमिल्दा |
| २३५ | पतन | ना. | पत्+अन | झनै खस्ने वा तल आउने क्रिया, नाश, मृत्यु |

| | | | | |
|---|---|---|---|---|
| २३६ | पति | ना. | पत्+ई | स्वामी, लोग्ने, मालिक |
| २३७ | पत्नी | ना. | पति+नी | स्वास्नी, श्रीमती |
| २३८ | पत्रचार | ना. | पत्र+आचार | चिठी पत्र आदि पठाउनु |
| २३९ | पत्रिका | ना. | पत्रि+क+आ | सामाजिक लेख, समाचार |
| २४० | पद | ना. | पद्+अ | दर्जा, पदवी |
| २४१ | परलोक | ना. | पर+लोक | यस संसारदेखि बाहेकको अर्को संसार |
| २४२ | परस्पर | क्रि.वि | परस+पर | आफू आफूमा, एक अर्कासाथ |
| २४३ | पश्चाताप | ना. | पश्च+आ+ताप | पछुतो, आफूबाट भएको गल्तीबाट हुने अनुपात |
| २४४ | परिचय | ना. | परि+चय | चिनारी, चिनाजान, राम्रो ज्ञान |
| २४५ | परिणम | ना. | परि+नम् | फल, नतिजा, विकास, वृद्धि |
| २४६ | परिपाटी | ना. | परि+पाटी | प्रचलन, प्रथा |
| २४७ | परिवर्तन | ना. | परि+वृत+अन | हेरफेर, नयाँपनको अनुभव |
| २४८ | परिवार | ना. | परि+वार | आवरण, छोपाई, ढकाई |
| २४९ | परीक्षा | ना. | परी+ईक्षा | पढाइको योग्यताको जाँच |
| २५० | पाठ | ना. | [< पठ् ] | आवज निकाली पढ्ने काम |
| २५१ | पाठशाला | ना. | पाठ+शाला | पढाउने वा पढाई हुने घर |
| २५२ | पाण्डव | ना. | पाण्डु+अ | कुन्ती तथा माद्रीका गर्भबाट उत्पन्न राजा पाण्डुका पाँच पुत्र |
| २५३ | पाताल | ना. | पात+आल | पुराण अनुसार धर्तीभूमीका सात लोक मध्ये सबभन्दा पुछारको लोक |
| २५४ | पात्र | ना. | पा+त्र | योग्य व्यक्ति, आधार |

| | | | | |
|---|---|---|---|---|
| २५५ | पाप | ना. | पा+प | अपराध, कुकर्म, अधर्म, कसुर, बध, हत्या, पाप बुद्धि, अनिष्टता, अहित |
| २५६ | परलौकिक | वि. | पर+लोक+इक | यस संसार वा अर्को संसार |
| २५७ | पारिश्रमिक | वि. | परिश्रम+इक | ज्याला मजदुरी गरे वापत पाउने रकम |
| २५८ | पालना | ना. | पालन+आ | पालन गर्ने रक्षक |
| २५९ | पिता | ना. | पितृ+आ | बुवा, जन्मदिने बावु |
| २६० | पितृकार्य | ना. | पितृ+कार्य | मरेको बावु बाजेको श्रद्धा गर्नेकाम |
| २६१ | पिशाचनीति | ना. | पिशाच+नीति | पिसाब, पिशाच, विचार नीति |
| २६२ | पीडा | ना. | पीड्+आ | कष्ट, दुखाई, क्लेश |
| २६३ | पीडित | वि. | पीड्+इत | पिडायुक्त, दुःखित |
| २६४ | पुत्र | ना. | मूल शब्द | सन्तान |
| २६५ | पुनः | क्रि.यो. | मूल शब्द | अर्कोपल्ट |
| २६६ | पुरस्कार | ना. | पुरस्+कार | इनाम, उपहार |
| २६७ | पुरुषार्थ | ना. | पुरुष+अर्थ | पुरुषत्व |
| २६८ | पुरोहित | ना. | पुरस्+हित | जजमानी काम गर्ने पण्डित |
| २६९ | पुष्टि | ना. | पुष्+ति | तर्क, प्रमाण |
| २७० | पुस्तक | ना. | पुस्त+क | ग्रन्थ, किताब, पुस्तक |
| २७१ | पूजा | ना. | पूज्+आ | देवीदेवतालाई प्रसन्न र अनुकुल पार्न श्रद्धाभएको प्रियवस्तुको अर्पण गरिने सेवाभाव |
| २७२ | पूर्वजन्म | ना. | पूर्व+जन्म | वर्तमान जन्मभन्दा पहिलेको जन्म |
| २७३ | पैतृक | वि. | पितृ+इक | पिता पूर्वको अग्रज |

| | | | | |
|---|---|---|---|---|
| २७४ | पौष्टिक | वि. | पुष्टि+इक | पोषण भएको खानेकुरा, पोसिलो |
| २७५ | प्रकृति | ना. | प्र+कृति | आफै बनेको वस्तु |
| २७६ | प्रगति | ना. | प्र+गति | अगाडी वढ्नेकाम, अग्रसर हुनेकाम |
| २७८ | प्रचण्ड | वि. | प्र+चण्ड | ज्यादै उग्र, अति चर्को |
| २७९ | प्रचार प्रसार | ना. | प्रचार+प्रसार | फैल्याउनेकाम, उपयोगमा ल्याउने क्रिया |
| २८० | प्रजातन्त्रिक | वि. | प्रजातन्त्र+इक | प्रजातन्त्रको, प्रजातन्त्रसँग सम्बन्धि |
| २८१ | प्रतिमूर्ति | ना. | प्रति+मूर्ति | ठयाम्मै मिल्ने किसिमको, उस्तै |
| २८२ | प्रथम | वि. | प्रथ+म | आदि, आदिको आदि, आरम्भ |
| २८३ | प्रदर्शन | ना. | प्र+दर्शन | चिनाउने काम |
| २८४ | प्रमुख | वि. | प्र+मुख | पहिलो, प्रथम, प्रधान, श्रेष्ठ, मूख्य |
| २८५ | प्रयोग | ना. | प्र+योग | उपयोग गर्ने |
| २८६ | प्रल्यअग्नि | ना. | प्रलय+अग्नि | प्रलय भएको समयको आगो |
| २८७ | प्रलोभन | ना. | प्र+लोभन | अति लोभ, बढी लालच |
| २८८ | प्रविधि | ना. | प्र+विधि | तरिका, सीप, पद्धति |
| २८९ | प्रवृत्ति | ना. | प्र+वृत्ति | बानी, व्यवहार |
| २९० | प्रसिद्ध | वि. | प्र+सिध्-व | मुख्य, सिद्धिपाएको |
| २९१ | प्राप्ति | ना. | प्र+आप्+ति | प्राप्त गर्नु, पाउनु |
| २९२ | प्रायः | वि. | प्र+अ | धेरैजसो |
| २९३ | प्रायश्चित | ना. | प्राय+चित्त | गल्ती गरेपश्चात् पश्चाताप गर्ने काम, आत्म ग्लानी |
| २९४ | प्रार्थना | ना. | प्र+अर्थ+अन+आ | वस्तु प्राप्तिका लागि गरिने सङ्कल्प |
| २९५ | प्रिय | वि. | प्री+अ | मनपर्ने, प्यारो |

| | | | | |
|---|---|---|---|---|
| २९६ | प्रेम | ना. | प्री+इम | माया, प्रेम |
| २९७ | फलस्वरुप | क्रि.वि. | फल+स्वरुप | कुनै काम भइसकेपछिको |
| २९८ | फलत | क्रि.वि. | फल+त | मुख्य, प्रमुख निचोड |
| २९९ | बन्धुबान्धव | ना. | बन्धु+बान्धव | भाइभतिजा, एकै गोत्र भएका |
| ३०० | बहुचर्चित | वि. | बहु+चर्चित | चर्चाको शिखरमा रहेको |
| ३०१ | बाधा | ना. | बाध्+अ | अडचन, अवरोध |
| ३०२ | बाध्य | वि. | बध+य | हुनै पर्ने, ढिट |
| ३०३ | बाल्यकाल | ना. | बालक+काल | सानो उमेर |
| ३०४ | बुद्धवाणी | ना. | बुद्ध+वाणी | वृद्धवृद्धाले बोल्ने शब्द |
| ३०५ | बद्धिजीबी | वि. | बुद्धि+जीवी | अन्य व्यक्तिभन्दा केही जान्ने |
| ३०६ | बोध | ना. | बुध्+अ | ज्ञानले छोएको, जान्ने |
| ३०७ | बौद्धिक | वि. | बुद्धि+इक | वुद्धि भएको, अन्य भन्दा जन्ने |
| ३०८ | ब्रह्मर्षि | ना. | ब्रह्म+ऋषि | व्रह्मज्ञान भएका, महर्षी |
| ३०९ | भगवान | ना. | भग+वान् | अगोचर, अन्तर्यामी, ईश्वर, जगदीश्वर, परमेश्वर |
| ३१० | भविष्य | ना | भू+इ+स्य | भोलिको समय, आउने समय |
| ३११ | भाग्यरेखा | ना. | भाग्य+रेखा | हस्तरेखा अनुसार मान्छेको हत्केलामा सिधै माझी औँला र साइली औँलाको विचतिर गएको रेखा |
| ३१२ | भावना | ना. | भाव्+अन+आ | अन्तरभाव, कल्पना, मनोभावना, प्रेम |
| ३१३ | भावुक | वि. | भू+उक | भावनामा बग्ने, कल्पनाशील |
| ३१४ | भाषा | ना. | भाष्+आ | सार्थक शब्दद्वारा मनको भाव प्रकटन |

| | | | | |
|---|---|---|---|---|
| ३१५ | भूमि | ना | भू+मि | जमिन, स्थान |
| ३१६ | भ्रातृत्व | ना. | भ्रातृ+त्व | भाइभाइ विचको सम्बन्ध |
| ३१७ | भ्रामक | वि. | भ्रम+अक | भ्रमपूर्ण, गलत कुराको प्रचार |
| ३१८ | मङ्गल | ना. | मङ्ग+अल | साइत, शुभ कल्याण |
| ३१९ | मञ्च | ना. | मञ्च+अ | कुनै कार्यक्रम गर्नु पूर्व बनाइने कार्यक्रम स्थल |
| ३२० | मण्डल | ना. | मण्ड+अल | समूह, गण, जोडा |
| ३२१ | मत | ना. | मन्+त | विचार, दृष्टिकोण |
| ३२२ | मतभेद | ना. | मत+भेद | विभेद, भेदभाव |
| ३२३ | मनस्थिति | ना. | मन+स्थिति | मनको स्थिति, मनमा रहेको विचार |
| ३२४ | ममता | ना. | मम+ता | माया, प्रेम, राग |
| ३२५ | मरण | ना. | मृ+अन | मृत्यु |
| ३२६ | महायज्ञ | ना. | मह्+यज्ञ | हवन, पितृयज्ञ, तर्पण, वली |
| ३२७ | महाराज | ना. | महा+राज | सार्वभौमसत्ता सम्पन्न ठुलो राजा |
| ३२८ | मातृभाषा | ना. | मातृ+भाषा | आमाको कोखबाट सिकिने पहिलो भाषा |
| ३२९ | मातृभूमि | ना. | मातृ+भूमि | आफ्नो जन्मस्थान, जन्मेको ठाउँ |
| ३३० | माया | ना. | मूल शब्द | स्नेह, करुणा, पेमालाप |
| ३३१ | मार्गदर्शक | ना. | मार्ग+दर्शक | बाटो देखाउने व्यक्ति |
| ३३२ | मासिक | वि. | मास+इक | महिनैपिछे, महिना |
| ३३३ | मिति | ना. | मि+ति | प्रमाण, अवधि, महिना दिनको समय |
| ३३४ | मुख्य | वि. | मुख+य | प्रधान, प्रमुख, श्रेष्ठ |
| ३३५ | मूर्खता | ना. | मुर्ख+ता | भनेको नमान्ने, अज्ञानी |

| | | | | |
|---|---|---|---|---|
| ३३६ | मूल | ना. | मूल+अ | मूख्य कुरा, मूख्य विषय |
| ३३७ | मृत सञ्जीवनी | वि. | मृत+सञ्जीवनी | मरेका प्राणीलाई बचाउने विधा, आयूर्वेधिक औषधी |
| ३३८ | मोक्ष | ना. | मोक्ष+अ | मुक्ति, स्वतन्त्र |
| ३३९ | मौलिक | वि. | मूल+इक | आफ्नोपन, अपनत्व |
| ३४० | यथाशीघ्र | क्रि.वि. | यथा+शीघ्र | चाँडो, तत्कालै |
| ३४१ | यथार्थ | वि. | यथा+अर्थ | वास्तविकता, जेहो त्यही |
| ३४२ | यदि | सं | यद्+इ | भने सम्भावने गर्दा |
| ३४३ | यातना | ना. | यत्+अन+आ | पिडा दिने, सजाय |
| ३४४ | यातायात | ना. | यात+आयात | सवारी साधन |
| ३४५ | चुगान्तकारी | वि. | युगान्त+कारी | अहिलेको युग |
| ३४६ | युवक | ना. | युवन्-क | केटो, मानिसको पुरुष श्रद्ध |
| ३४७ | योजना | ना. | योजना+आ | नियुक्त गर्ने क्रिया |
| ३४८ | रङ्क | वि. | रम्+क | जनता, प्रजा |
| ३४९ | रहस्यमय | वि. | रहस्य+मय | भित्री, गोप्य कुरा |
| ३५० | राजर्षि | ना. | राजा+ऋषि | सुखसयलबाट निरपेक्ष राजा |
| ३५१ | राजा | ना. | राज्+आ | नरेस, भूपति, भूपाल |
| ३५२ | राज्य | ना. | राज्+य | राष्ट्र, देश |
| ३५३ | रामायण | ना. | राम+अयन | हिन्दू धर्मावलम्वीको धर्म ग्रन्थ |
| ३५४ | राष्ट्र | ना. | राज+ष्ट्र | राज्य, प्रजासमूह |
| ३५५ | राष्ट्रपति | ना. | राष्ट्र+पति | प्रजाहरूको प्रमूख, राज्य प्रमूख |
| ३५६ | रोचक | वि. | रुच+अक | रमाइलो |

| | | | | |
|---|---|---|---|---|
| ३५७ | लक्ष्मी | ना. | लक्ष+ई(स आगम) | हिन्दूधर्म अनुसार धनकी देवी |
| ३५८ | लक्ष्य | ना. | लक्ष+य | ध्येय, उद्देश्य |
| ३५९ | ललाट | ना. | मूल शब्द | निधार |
| ३६० | लाभ | ना. | [< लाभ् ] | फाइदा, नाफा |
| ३६१ | लोप | ना. | [< लुप् ] | हराउनु, गुमाउनु |
| ३६२ | लौकिक | वि. | लोक+इक | लोकसँग सम्बन्धित भौतिक, पार्थीव, सांसारिक लोकसँग सम्बन्धी |
| ३६३ | वंश | ना. | वम्+श | अन्वय, कूल, बलो, लहरो |
| ३६४ | वचन | ना. | वच्+अन | बोली, वाणी,उक्ती, कथन |
| ३६५ | वन | ना. | वन्+अ | जंगल, धेरै रुखविरुवा |
| ३६६ | वनवास | ना. | वन+वास | वनमा बसिने वास |
| ३६७ | वर | ना. | वृ+अ | वेहुला, दुलाहा |
| ३६८ | वर्णन | ना. | वर्ण+अन | व्याख्या विश्लेषण |
| ३६९ | वरण | ना. | वृ+अन | रोजाई, निर्वाचन, ढकनी, छोपाई |
| ३७० | वस्तु | ना. | वस्+तु | सामग्री, कुनै चिज |
| ३७१ | वाणिज्य | ना. | वाणिज्+य | व्यापारीले गर्ने काम, व्यापार |
| ३७२ | वासस्थान | ना. | वास् +स्थान | बस्ने ठाउँ, गुण, घर |
| ३७३ | विकल्प | ना. | वि+कल्प | चयन, छान्नु, छान्ने |
| ३७४ | विकास | ना. | वि+कास् | प्रगति, उन्नति |
| ३७५ | विचार | ना. | वि+चार | चिन्तन, मनन |
| ३७६ | विदुर | ना. | विद्+उर | दुर्योधनका काका |
| ३७७ | विदेह | वि. | वि+देह | मरेको, मृत |

| | | | | |
|---|---|---|---|---|
| ३७८ | विद्या | ना. | विद्+य+आ | ज्ञान, विवेक |
| ३७९ | विद्वान् | वि. | विद्+वान | विधात्त, प्राप्त व्यक्ति |
| ३८० | बिनाविरोध | ना. | बिना+विरोध | विरोध नगरी |
| ३८१ | विपक्ष | ना. | वि+पक्ष | पक्षको विपरित |
| ३८२ | विपत्ति | ना. | वि+पत्ति | आपत |
| ३८३ | विभेद | ना. | वि+भेद | भेदभाव |
| ३८४ | विरुद्ध | ना. | वि+रुद्ध | विरोध, विरोधी |
| ३८५ | विरोध | ना. | वि+राध | विरोध गर्नु |
| ३८६ | विवश | वि. | वि+वश | लाचार, बाध्य |
| ३८७ | विविधता | ना. | विविध+ता | अनेकता |
| ३८८ | शङ्का | ना. | शङ्क+आ | भरोसा नहुनु |
| ३८९ | शताब्दी | ना. | शत+अष्द+ई | सय वर्षको अवधि |
| ३९० | शत्रु | ना. | शत्+त्रु | विरोधी, दुस्मन |
| ३९१ | शाश्वत | वि. | [< शश्वद् ] | मुख्य, वास्तविक |
| ३९२ | शाासन | ना. | शास्+अन | सरकारले देश चलाउनु गर्ने बन्दोवस्त |
| ३९३ | शासन भार | ना. | शासन+भार | शासनको सिमा |
| ३९४ | शोषण | ना. | शुष्+अन | दमन, अत्याचार, हिंसा |
| ३९५ | शोषित | वि. | शुष्+इत | पीडित व्यक्ति |
| ३९६ | श्वेत | वि. | मूल शब्द | सेतो, सफा |
| ३९७ | श्रद्धेय | वि. | श्रद्धा+इय | पूजनीय, श्रद्धागर्न योग्य |
| ३९८ | श्रमजीवी | वि. | श्रम+जीवी | आफ्नै मेहनतमा बाँच्ने |

| | | | | |
|---|---|---|---|---|
| ३९९ | श्रीमान | वि. | श्रीमत् | प्रमुख व्यक्ति, पद |
| ४०० | श्रेष्ठ | वि. | श्र+इष्ठ | उत्तम, राम्रो कुरा |
| ४०१ | शिव | ना. | शी+व | महेश्वर, आराध्यदेव शिव भगवान |
| ४०२ | षडयन्त्र | ना. | षट्+यन्त्र | जाल झेल गर्नु |
| ४०३ | संज्ञा | ना. | सम्+ज्ञ+आ | राय दिनु |
| ४०४ | संयोग | ना. | सम्+योग | मेल, योग |
| ४०५ | संरक्षण | ना. | सम्+रक्षण | हेरचाह, हेरविचार |
| ४०६ | संसार | ना. | सम्+सार | विश्वब्रम्हाण्ड |
| ४०७ | संस्कार | ना. | सम्+कार | आचरण |
| ४०८ | संस्कृत | ना. | सम्+कृत | प्राचीन भाषा |
| ४०९ | संस्कृति | ना. | सम्+कृति | परम्परागत मान्यता |
| ४१० | सक्रिय | वि. | स +क्रिय | क्रियाशील, लगनशील |
| ४११ | सङ्कर | ना. | सम्+कर | विभिन्न वस्तुको मिसावट |
| ४१२ | सचेत | वि. | स+चेत | चनाखो, चतुर |
| ४१३ | सनातन | वि. | सदा+तन | परम्परादेखि चालिआएको |
| ४१४ | सन्तान | ना. | सम्+तान | छोराछोरी, सन्तति |
| ४१५ | सत्यासी | वि. | सन्यास+ई | योगी, जोगी, जात |
| ४१६ | सकल | वि. | स+कल | उस्तै, प्रतिमूर्ति |
| ४१७ | समता | ना. | सम+ता | बराबरी |
| ४१८ | समन्वय | ना. | सम्+अनु+अय | मिलाउने ठाउँ, मध्यस्त गन |
| ४१९ | समय | ना. | मूल शब्द | काल, बेला, मौका |

| | | | | |
|---|---|---|---|---|
| ४२० | समर्थन | ना. | सम्+अर्थ+अन | कुनै विषयको पुष्टि गर्ने काम |
| ४२१ | समर्पित | वि. | सम+अर्पित | त्याग्नु, चढाउनु, छोड्नु |
| ४२२ | समस्या | ना. | सम्+अस+य+आ | कष्ट, अवरोध |
| ४२३ | समाचार | ना. | सम्+आचार | संदेश, संवाद, सूचना |
| ४२४ | समाधान | ना. | सम्+आ+धान | निराकरण, निवारण |
| ४२५ | समुदाय | ना. | सम्+उत्+आय | समाज, निश्चित मानिसको समूह |
| ४२६ | समूह | ना. | सम्+ऊह | हुल, वथान, धरै जोडी |
| ४२७ | सरल | वि. | सृ+अल | सजिलो, सहज |
| ४२८ | सर्वत्र | क्रि.वि. | सर्व+त्र | जहाँत्यही, सर्वत्र, यत्रतत्र |
| ४२९ | सर्व प्रथम | क्रि.वि. | सर्व+प्रथम | सबैभन्दा पहिले |
| ४३० | सर्व साधारण | ना. | सर्व+साधारण | सामान्य, साधारण |
| ४३१ | सर्वस्व | ना. | सर्व+स्व | सम्पूर्ण, सबै |
| ४३२ | सशक्त | वि. | स+शक+त | बलियो, सवल |
| ४३३ | सहज | वि. | सह+ज | सजिलो, सामान्य |
| ४३४ | सहभागिता | ना. | सहभागी+ता | कुनै कार्यमा सबैको सहयोग हुने भाव |
| ४३५ | सहमत | वि. | सह+मत | एउटै विचार भएको |
| ४३६ | सहयोग | ना. | सह+योग | गुहार, मद्दत |
| ४३७ | साक्षी | ना. | सह+अक्ष+ई | कबुल बस्ने, प्रमाण बस्ने |
| ४३८ | सामूहिक | वि. | समूह+इक | समूहमा बस्ने |
| ४३९ | साहस | ना. | सह+आस | हिम्मत, आँट |
| ४४० | सिद्धान्त | ना. | सिद्ध+अन्त | विचार, तर्क, प्रमाण |

| | | | | |
|---|---|---|---|---|
| ४४१ | सिन्दूर | ना. | मूल शब्द | सौभाग्यवती नारीले लाउने अविर सरहको रातो रङ्ग |
| ४४२ | सुकुमार | वि. | सु+कुमार | राम्रो कुमार केटो, |
| ४४३ | सुकोमल | वि. | सु+कोमल | कलिलो, कमलो, नरम |
| ४४४ | सुख | ना. | सुख+अ | खुसी रहनु, आनन्दानुभुती |
| ४४५ | सुखसयल | ना. | सुख+सयल | सुखका साथ वस्ने काम |
| ४४६ | सुगम | वि. | सु+गम | सहज, सजिलो ठाउँ |
| ४४७ | सुदृढ | वि. | सु+दृढ | सुधारिएको |
| ४४८ | सुन्दर | वि. | सुन्द+अर | सफा, राम्रो, आकर्षक |
| ४४९ | सुप्रसिद्ध | वि. | सु+प्रसिद्ध | ख्यातिप्राप्त, राम्रो |
| ४५० | सूत्रपात | ना. | सूत्र+पात | सुरुवात, थालनी |
| ४५१ | सेना | ना. | मूल शब्द | योद्धाहरुको समूह, मिलेट्री |
| ४५२ | सेवन | ना. | सेव्+अन | खानु, लिनु |
| ४५३ | सेवा | ना. | सेव+आ | परोपकार, भलो |
| ४५४ | सैनिक | वि. | सेना+इक | लडाकु, योद्धा |
| ४५५ | सौरभ | ना. | सुरभि+अ | सुगन्ध, महक, खुशबू |
| ४५६ | स्वयम् | क्रि.वि. | सु+अय्+अम | आफै |
| ४५७ | स्वतन्त्रता | ना. | स्वतन्त्र+ता | खुल्ला रहेको स्थिति |
| ४५८ | स्वर्गीय | वि. | स्वर्ग+ईय | स्वर्गसँग सम्बन्धित |
| ४५९ | स्वध्ययन | ना. | स्व+अध्ययन | आफै अध्ययन गर्ने काम |
| ४६० | स्वभिमान | ना. | स्व+अभिमान | आफ्नै भरमा पर्ने |
| ४६१ | स्वीकार | ना. | स्व+ई+कार | मान्नु, तयार हुनु |

| | | | | |
|---|---|---|---|---|
| ४६२ | हरे | वि.बो. | मूल शब्द | विस्मात |
| ४६३ | हर्षाश्रु | ना. | हर्ष+अश्रु | हर्षको आँसु, खुसीको आसु |
| ४६४ | हर्षित | वि. | हर्ष+इत | खुसी, आनन्द |
| ४६५ | हस्तलिखित | वि. | हस्त+लिखित | हातद्धारा लेखिएको |
| ४६६ | हस्तान्तरण | ना. | हस्त+अन्तरण | सुम्पने कार्य |
| ४६७ | हित | ना. | हि+त | भलो, राम्रो |
| ४६८ | हृदय | ना. | हृत्+अय | मन |
| ४६९ | हेतु | ना. | मूल शब्द | कारण |

### ३.१.२ कक्षा दसको 'दोषी चस्मा' कथामा प्रयुक्त शब्दहरू

| क.स | तत्सम शब्द | पदवर्ग | बनोट प्रक्रिया | अर्थ |
|---|---|---|---|---|
| ४७० | अनुकुल | वि. | अनु+कूअ | आफूलाई सहज हुने |
| ४७१ | अति | क्रि.वि. | अत्+इ | ज्यादै, धेरै, प्रशस्त |
| ४७२ | अधिकार | ना. | अधि+कर | स्वामित्व, प्रभूत्व, अधिपत्य, प्रधानता |
| ४७३ | अवश्य | क्रि.वि. | अव+श्य+अ | निश्चय, निश्चित गर्नु |
| ४७४ | अर्थात | संयो | अर्थ+आत् | नभए, एकको अनुपस्थितिमा |
| ४७५ | आक्षेप | ना. | आ+क्षिप्+अ | आरोप, प्रतिआरोप |
| ४७६ | आनन्द | ना. | आ+नन्द | मनको सन्तोक, हर्ष, खुसी हुनु |
| ४७७ | उत्प्रेरित | वि. | उत्+प्रेरित | प्रेरणा दिनु, हौस्याउनु |
| ४७८ | उपयुक्त | वि. | उप+युक्त | अनुकूल, मिल्ने |
| ४७९ | उपस्थिति | ना. | उप+स्थिति | सामेल हुनु, पुग्नु |

| | | | | |
|---|---|---|---|---|
| ४८० | कार्यदक्षता | ना. | कार्य+दक्ष+ता | कार्यगर्ने क्षमता |
| ४८१ | कष्टकर | वि. | कष्ट+कर | कठिन, गाह्रो |
| ४८२ | गम्भीर | वि. | मूल शब्द | कठिन अवस्था, गाह्रो |
| ४८३ | गुणवती | वि. | गुणवत्+ई | सम्पूर्ण गुणले युक्त नारी, असल |
| ४८४ | ग्रहण | ना. | ग्रह+अन | स्वीकार्नु, लिनु, ग्रहण गर्नु |
| ४८५ | चेष्टा | ना. | चेष्ट+आ | कोसिस, प्रयास |
| ४८६ | चित्रण | ना. | चित्र+अन | चित्र जस्तै प्रष्ट देखाउनु |
| ४८७ | जनबल | ना. | जन+बल | जनताको बल, जनताको हिम्मत |
| ४८८ | जागरुक | वि. | जागृ+उक | क्रियाशील हुनु, सक्रिय भएको |
| ४८९ | जिज्ञासा | द्धि | ज्ञा+स+आ | जान्ने इच्छा, खोजी गर्नु |
| ४९० | जिज्ञासु | वि. | जिज्ञासा+उ | जान्न कोसिस गर्ने व्यक्ति |
| ४९१ | तत्कालीन | वि. | तत्काल+ईन | तत् समयमा, निश्चित समयमा |
| ४९२ | तथास्तु | ना. | तथा+अस्तु | आशीर्वाद दिनु |
| ४९३ | तीब्र | वि. | तीब्र+र | द्रुत, छिटो |
| ४९४ | तुच्छ | वि. | तुद्+छ+अ | खराव प्रवृत्ति भएको, नराम्रो |
| ४९५ | दशक | सं वा | दश+क | दश वर्षको समय |
| ४९६ | दायित्व | ना. | दायी+त्व | गर्नै पर्ने काम, जिम्मेवारी |
| ४९७ | दुर्भाग्य | ना. | दुर्+भाग्य | नराम्रो भाग्य, भाग्य नभएको |
| ४९८ | धारण | ना. | धृ+अन | ग्रहण |
| ४९९ | निरङकुशता | ना. | निरङ्कुश+ता | वाधा भएको, अंकुश लगाइएको |
| ५०० | निराश | वि. | निर+आश | आशा नभएको |

| | | | | |
|---|---|---|---|---|
| ५०१ | निर्वाह | ना. | निर्+वाह् | नेतृत्व, भूमिका निभाउनु |
| ५०२ | निहित | वि. | नि+हित | निम्ति, लागि |
| ५०३ | पुनः | क्रि.वि. | मूल शब्द | फेरी, अर्कोपल्ट |
| ५०४ | पेट | ना. | मूल शब्द | मानिसको शरीरको एक अङ्ग, भुँडी |
| ५०५ | प्रजा | ना. | प्र+जन्+आ | जनता, नागरिक |
| ५०६ | प्रत्येक | वि. | प्रति+एक | सबै, एकाएक |
| ५०७ | प्रेरणा | ना. | प्रेर्+अन+आ | हौसला, कसैलाई आँट, हिम्मत दिनु |
| ५०८ | मर्म | ना. | मूल शब्द | चोट, हृदयमा दुःख पर्नु |
| ५०९ | मात्र | नि. | मूल शब्द | यति नै, बाहेक |
| ५१० | मानसिकता | ना. | मानसिक+ता | मानिसको सोचाइ, भावना, मस्तिष्क |
| ५११ | मुख | ना. | मुख+अ | अनुहारमा भएको एउटा अङ्ग, सुरू |
| ५१२ | मोह | ना. | मुह+अ | लोभ, लालच |
| ५१३ | यथास्थिति | ना. | यथा+स्थिति | पहिलेकै ठाउँ जहाँको त्यहीँ वृतान्त, सबै कुरा |

## ३.१.३ कक्षा दसको 'न्यायको पक्ष' कथामा प्रयुक्त तत्सम शब्दहरू

| क्र.स | तत्सम शब्द | पदवर्ग | बनोट प्रक्रिया | अर्थ |
|---|---|---|---|---|
| ५१४ | दुर्गति | ना. | दुर्+गति | नराम्रो अवस्था, खराव समय |
| ५१५ | दुर्भाग्य | ना. | दुर्+भाग्य | भाग्यमा नहुनु, अभागी |
| ५१६ | देवकार्य | ना. | देव+कार्य | देवताको नाममा गरिने काम |
| ५१७ | धर्मनीति | ना. | धर्म+नीति | धर्म र नीतिमा उल्लेखीत |
| ५१८ | निर्भीकता | ना. | निर्भीक+ता | ज्यादै कठोर |

| | | | | |
|---|---|---|---|---|
| ५१९ | निष्ठा | ना. | नि+स्था | आस्था, विश्वास |
| ५२० | परिवेश | ना. | परि+वेश | देशकाल, अवस्था |
| ५२१ | पुष्टि | ना. | पुष्+ति | व्याख्या, विस्तारपूर्वक |
| ५२२ | पृथक | वि. | प्रथ+अक | अलग्गै, भिन्न |
| ५२३ | प्रवल | वि. | प्र+बल | बलियो, बलवान |
| ५२४ | प्रतिहिंसा | ना. | प्रति+हिंसा | हिंसाको विरुद्धमा गरिएको विरोध |
| ५२५ | प्रस्ताव | ना. | प्र+स्तु | मनको विचार व्यक्त गर्नु |
| ५२६ | बन्दी | ना. | बन्द+ई | थुनेर राख्ने काम, कैदी |
| ५२७ | बीज भूमि | ना. | बीज+भूमि | उत्पत्ति स्थल, सुरु भएको ठाउँ |
| ५२८ | भूमिगत | वि. | भूमि+गत | पृथ्वी वा जमिनमै लुकेर बस्ने काम |
| ५२९ | मूल्य | ना. | मूल+य | मोल, लागत |
| ५३० | यमपुरी | ना. | यम+पुरी | स्वर्गको एक ठाउँ |
| ५३१ | युग | ना. | [<युज ] | समय, लामो समयलाई जनाउ |
| ५३२ | राजद्रोह | ना. | राज+द्रोह | राज्य विरोधी काम, देशद्रोही |
| ५३३ | राजबन्दी | ना. | राज+बन्दी | राजाद्वारा बन्दी बनाइएको |
| ५३४ | लोकोक्ति | ना. | लोक+उक्ति | लोकको भनाई, जनताको भनाई |
| ५३५ | विजय | ना. | वि+जय | कुनै काममा सफल हुनु, जित्नु |
| ५३६ | विवेक | ना. | वि+विच् | बुद्धि |
| ५३७ | विश्राम | ना. | वि+श्रम | आराम, थकाइ मार्नु |
| ५३८ | वैभव | ना. | विभव+अ | सम्पत्ति |
| ५३९ | व्यर्थ | वि. | वि+अर्थ | बेकार, अनावश्यक |

| | | | | |
|---|---|---|---|---|
| ५४० | शक्तिशाली | वि. | शक्ति+शाली | बलिया, धेरै तागत भएको |
| ५४१ | शङका | ना. | शङ्क+आ | शङ्का गर्नु, गलत लाग्नु |
| ५४२ | श्रद्धेय | वि. | श्रद्धा+इय | श्रद्धा गर्न योग्य, पुजनीय |
| ५४३ | सदैब | क्रि.वि. | सदा+एव | सधैँ, जहिल्यै |
| ५४४ | सभ्यता | ना. | सभ्य+ता | संस्कार, राम्रो व्यवहार |
| ५४५ | सम्पूर्ण | वि. | सम्+पूर्ण | सबै, भएजति सबै |
| ५४६ | सम्भव | वि. | सम्+भव | हुन सक्ने कुरा |
| ५४७ | सर्वाधिक | वि. | सर्व+अधिक | अत्यन्त, धेरै चर्चित |
| ५४८ | सामर्थ्य | ना. | समर्थ+य | क्षमता |
| ५४९ | सृष्टि | ना. | सृज्+ति | व्रह्माण्ड, सम्पूर्ण जीवनजगत |
| ५५० | सौभाग्य | ना. | सु+भाग्य | भाग्यमा भएको, राम्रो भाग्य |
| ५५१ | स्थिति | ना. | स्था+ति | समय, परिस्थिति |
| ५५२ | स्वच्छ | वि. | सु+अच्छ | सफा, निर्मल, कन्चन |
| ५५३ | स्वभाविक | वि. | स्वभाव+इक | सहज हुनु, सजिलो |
| ५५४ | हिमशैली | ना. | हिम+शैली | हिमालका चुचुरा, हिमाली पहाडहरू |
| ५५५ | हेय | वि. | हा+य | हेला, अवहेलना गर्नु |

यस प्रकार कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्द अन्य शब्दहरू (तद्भव, आगन्तुक) को तुलनामा अत्यधिक रहेको पाइन्छ । यसमा पाठ्यपुस्तकमा भएको तीनवटै कथामा प्रयुक्त अनावृत्त शब्दहरू वर्णानुक्रमको आधारमा राखी त्यसको पदवर्ग र बनोट प्रक्रियाको आधारमा विश्लेषण गरिएको छ । त्यसै आधारमा हेर्दा नाम शब्दको बाहुल्यता धेरै देखिन्छ । त्यसपछि विशेषण शब्द, त्यसैगरी अन्य शब्दहरू पनि रहेको पाइन्छ । निपात शब्द अत्यधिक कम र संयोजक र विस्मयादिबोधक शब्द

निपातको तुलनामा प्रयोग भएकै पाइन्छ । त्यसैगरी वर्णगत आधारमा हेर्दा ‘प’ वर्गको बाहुल्यता अत्याधिक देखिन्छ । त्यसपछि ‘स’ वर्ग र ‘अ’ वर्गको बाहुल्यता देखिन्छ भने ट, ठ, ड, द, ण, ङ, ञ, ण, जस्ता वर्णहरूको प्रयोग कठिन अवस्था/लोपोन्मुख अवस्थामै रहेको पाइन्छ ।

## ३.२ तत्सम शब्दमा प्रयुक्त उपसर्गका आधारमा विश्लेषण

तलिका नं. १

| क.स. | उपसर्गको नाम | आवृत्ति सङ्ख्या |
|---|---|---|
| १ | सम् | ३० |
| २ | आ. | २१ |
| ३ | वि. | १७ |
| ४ | प्र. | १४ |
| ५ | अ. | ५ |
| ६ | उद/उत | ६ |
| ७ | परि | ५ |
| ८ | सु. | ७ |
| ९ | अनु | ४ |
| १० | उप | ५ |
| ११ | नि. | ९ |
| १२ | निर | ४ |
| १३ | प्रति | ३ |
| १४ | अव | ४ |
| १६ | अति | २ |
| १७ | अप | ३ |
| १८ | दुर | २ |
| १९ | निस | १ |
| २० | अन् | २ |
| जम्मा | | १५७ |

तालिका नं. १ मा प्रयोगमा आएका उपसर्गलाई उच्च आवृतिको घट्दो क्रममा राखिएको छ । यस अध्ययनमा अनावृत्त तत्सम शब्दमा प्रयुक्त भएका उपसर्गहरूलाई मात्र लिइएको छ । तत्सम उपसर्ग प्रयोगहरू मध्ये तीनवटै कथामा बीस वटा मात्र उपसर्ग प्रयोगमा आएका छन् । अवि, दस, परा, अधि उपसर्गको वितरण सङ्ख्या ० रहेको छ । यी सबै उपसर्गहरूको जम्मा सङ्ख्या १५७ रहेको छ ।

यस तालिका अनुसार उच्च आवृत्ति तथा वितरणमा आएको सम् उपसर्गको सङ्ख्या ३० रहेको छ । त्यसैले यस अध्ययनमा सबभन्दा बढी वितरण सङ्ख्या प्राप्त गर्ने उपसर्ग 'सम' देखिएको छ भने सबैभन्दा कम प्राप्त गर्ने उपसर्ग 'निस्' उपसर्ग हुन आएको छ जसको सङ्ख्या जम्मा १ मात्र रहेको छ । उच्च क्रमाङ्कको दोस्रो स्थानमा 'आ' उपसर्ग रहेको छ । यसको उपसर्ग सङ्ख्या २१ रहेको छ । त्यसै घट्दो वितरण क्रममा क्रमशः 'वि' उपसर्गको आवृत्ति सङ्ख्या १७, 'प्र' उपसर्गको १४, 'नि' उपसर्गको ९ रहेको छ भने त्यसभन्दा अन्य तथा तलका उपसर्गले घट्दो वितरण क्रम देखाएर आफ्नो स्थानलाई निम्न बनाएका छन् ।

क्रम सङ्ख्याको चौथो स्थानमा रहेको 'प्र' उपसर्गले १७ आवृत्ति सङ्ख्या प्राप्त गरेको छ जुन सबैभन्दा बढी सङ्ख्या प्राप्त गर्ने 'सम' उपसर्गको तुलनामा दोब्बर कम रहेको छ । त्यसभन्दा मुनी क्रमश 'नि' उपसर्गले पाचौँ स्थान आवृत्ति सङ्ख्या ९, 'सु' उपसर्ग आवृत्ति सङ्ख्या ७ उत्त/उद उपसर्ग जसको आवृत्ति सङ्ख्या ६, त्यस्तै 'परि' उपसर्ग आवृत्ति सङ्ख्या ५, 'उप' आवृत्ति सङ्ख्या पनि ५ नै रहेको छ जसले सबै भन्दा बढी सङ्ख्या प्राप्त गर्ने 'सम' उपसर्गको तुलनामा चार गुणा भन्दा कम रहेको छ । त्यसैगरी सबैभन्दा कम 'निस' उपसर्गले प्राप्त गरेको  छ जस्को आवृत्ति सङ्ख्या १ मात्र रहेको छ । 'अधि', 'दुस', 'परा', 'अपि' चार उपसर्गले कुनै पनि सङ्ख्या प्राप्त गरेका छैनन् । यसका आधारमा कक्षा दसको कथा विधाका तत्सम शब्दहरूमा  'अधि', 'दुस', 'परा', 'अपि' चार उपसर्ग पाइदैन । यसबाट सबै कथाका पाठहरूमा उपसर्गहरूको आवृत्ति सङ्ख्या र स्थान समान नरहेको स्पष्ट हुन्छ ।

## ३.३ तत्सम शब्दमा प्रयुक्त प्रत्ययका आधारमा विश्लेषण

तालिका नं. २

| क्र.स. | प्रत्ययको नाम | आवृत्ति सङ्ख्या |
|---|---|---|
| १ | अ. | ७० |
| २ | आ | ३२ |
| ३ | अन | २७ |
| ४ | ई | १८ |
| ५ | इक | १४ |
| ६ | त | ९ |
| ८ | इत | ७ |
| ९ | ता | ५ |
| १० | अक | ४ |
| ११ | इन | २ |
| १२ | इय | २ |
| १३ | अनीय | २ |
| १४ | अन्त | २ |
| जम्मा | | २०२ |

तालिका नं. २ मा कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा विद्यामा प्रयुक्त तत्सम शब्दमा प्रयोग हुन आएका प्रत्ययहरूलाई राखिएको छ । उपसर्गले मूल शब्दको अगाडि गाँसिएर शब्दको अर्थमा विविधता थप्ने वा ल्याउने काम गर्छन् भने प्रत्यय वा परसर्गले मूल शब्दको पछाडि गाँसिएर त्यसरी नै अर्थमा विविधता ल्याउँछ । यस्ता प्रत्ययहरू यस अध्ययनमा २० भन्दा बढी भेटिए तापनि यहाँ १४ वटा प्रत्ययको मात्र विश्लेषण गरिएको

छ । बाँकी प्रत्ययहरू नगन्य एक/एक वटा मात्र भेटिएकाले तिनीहरूको विश्लेषण गरिएको छैन । यी १४ वटा प्रत्ययहरूको जम्मा आवृत्ति सङ्ख्या २०२ रहेको छ ।

यस तालिकामा उच्च आवृत्ति सङ्ख्याका आधारमा क्रमशः राखिएको छ । यस तालिका अनुसार सबभन्दा बढी तथा उच्च विवरण सङ्ख्या प्राप्त गरेको प्रत्यय 'अ' हो । यसको सङ्ख्या ७० रहेको छ र सम्पूर्ण आवृत्ति सङ्ख्या २०२ को सापेक्षतामा यो लगभग ३५ प्रतिशत रहेको छ । आवृत्ति गणना सङ्ख्यामा दोस्रो स्थान ओगटेको प्रत्य 'आ' ले ३२ आवृत्ति सङ्ख्या प्राप्त गरेको छ, जसको जम्मा आवृत्ति सङ्ख्याको १५.८४ प्रतिशत हुन आउँछ । यो प्रत्यय दोस्रो स्थानमा भएर पनि पहिलो परसर्गको तुलनामा झण्डै आधाले कम रहेको छ ।

उच्च आवृत्ति सङ्ख्याको तेस्रो स्थानमा 'अन' प्रत्यय रहेको छ । जसको आवृत्ति सङ्ख्या २७ रहेको छ । त्यसै गरी 'ई' प्रत्ययले १८ आवृत्ति सङ्ख्या प्राप्त गरी चौथो स्थानमा रहेको छ । त्यस्तै आवृत्ति सङ्ख्या ९ प्राप्त गरी 'त' प्रत्यय छैठौँ स्थानमा रहेको छ भने ८ आवृत्ति सङ्ख्या प्राप्त गरी 'य' प्रत्यय सातौँ स्थानमा रहेको छ । उच्च क्रमाङ्कको आठौँ स्थानमा 'इत' प्रत्यय ४, रहेको छ, जसले आवृत्ति सङ्ख्या ७ प्राप्त गरेको छ । त्यसैगरी क्रमशः 'ता' प्रत्यय ५, 'अक' प्रत्यय ४, 'इय' प्रत्यय २, 'अनिय' प्रत्यय २ र 'अन्त' प्रत्यय २ आवृत्ति सङ्ख्या प्राप्त गरेको छ । यसरी अन्तिमका चार प्रत्ययले २/२ सङ्ख्या प्राप्त गरी कम आवृत्ति भएका प्रत्ययका रूपमा रहेका छन् ।

तालिका नं. ३ को प्रत्ययहरूको विश्लेषणका आधारमा सबै प्रत्यय प्रयोग नभई प्रयोगमा आएका २० प्रत्ययहरू मध्ये पनि विश्लेषण गर्न योग्य १४ वटामा पनि समानता पाइँदैन । कुनै प्रत्यय अत्यधिक आवृत्ति भएको पाइन्छ भने कुनै प्रत्यय प्रयोगमा नै नआएको र आएको प्रत्यय पनि एक/एक पटक मात्र प्रयोगमा ल्याइएको पाइन्छ । त्यस विश्लेषणका आधारमा पहिलो वा उच्च आवृत्ति प्राप्त गर्नेको तुलनामा दोस्रो आवृत्ति नै दोब्बरले कम देखिन्छ । त्यस्तै १४ औँ प्रत्ययको तुलनामा त ३५ औँ गुणाले प्रथम स्थानमा रहेको 'अ' प्रत्ययले आवृत्ति सङ्ख्या प्राप्त गरेको छ । यस विश्लेषणले प्रत्ययहरूको पनि समान वितरण नरहेको प्रमाणित गर्न सकिन्छ ।

## ३.४ तत्सम शब्दहरूको पदवर्गका आधारमा आवृत्ति गणना

तालिका नं. ३

| क.स. | तत्सम पदवर्ग | सङ्ख्या |
|---|---|---|
| १ | नाम | ३६९ |
| २ | विशेषण | १५६ |
| ३ | क्रिया विशेषण | २१ |
| ४ | संयोजक | ३ |
| ५ | विस्मयदिवोधक | २ |
| ६ | नामयोगी | २ |
| ७ | निपात | २ |
| | जम्मा | ५५५ |

उर्पयुक्त तालिकामा शब्दहरूको पदवर्गहरूको स्थिति किटान गरिएको छ । प्रत्येक पदवर्गको आवृत्ति सङ्ख्या उल्लेख गरिएको छ । तालिकाको विवरण र पदवर्गको विश्लेषण अनुसार नाम पदवर्गको आवृत्ति सबैभन्दा बढी ३६९ देखिन आउँछ । यो अनुपात नै अन्य पदवर्गको तुलनामा सबभन्दा बढी वा उच्च अङ्क हो । यस अङ्कले तत्सम शब्दभण्डारको प्रयोग क्षेत्रमा नाम पदवर्गका अत्यधिक आवृत्ति तथा महत्त्वलाई दर्शाएको छ ।

त्यसपछि दोस्रो स्थानमा उच्च अङ्क प्राप्त गर्ने पदवर्ग विशेषण हो । यसले नाम पदवर्गका तुलनामा आधाभन्दा कमै विवरण सङ्ख्या प्राप्त गरेको छ । यसको आवृत्ति सङ्ख्या १५६ रहेको छ । तेस्रो स्थानमा क्रियाविशेषण पदवर्ग रहेको छ । यसको आवृत्ति सङ्ख्या जम्मा २१ मात्र रहेको छ । प्रथम स्थान र दोस्रो स्थान प्राप्त गर्ने पदवर्गको तुलनामा यस क्रियाविशेषण पदवर्ग धेरै गुणा कम देखिन आएको छ । त्यस्तै चौथो स्थान संयोजकले प्राप्त गरेको छ भने यसको आवृत्ति सङ्ख्या ३ मात्र रहेको छ । यस्ता पदवर्गले पदवर्गको स्थान मात्र सुरक्षित गरेको दखिन्छ । यस चौथो स्थानको पदवर्ग तेस्रो स्थानको क्रियाविशेषण कै तुलनामा दुई गुणाभन्दा पनि कम नै देखिएको छ । यसरी पाँचौं स्थानमा

विस्मयादिबोधक रहेको छ भने यसको आवृत्ति सङ्ख्या २ रहेको छ । यसरी यस कथा विधामा प्रयुक्त तत्सम शब्दहरूमध्ये सबैभन्दा कम प्रयोग भएको पदवर्ग नामयोगी हो । यसको आवृत्ति सङ्ख्या २ मात्र रहेको छ । यसरी कक्षा दसको नेपाली विषयको पाठ्यपुस्तकमा प्रयुक्त कथा विधामा प्रयोग भएका तत्सम शब्दहरूमा निपात, क्रियापद र सर्वनाम पदवर्गहरूको प्रयोग नरहेको र बाँकी रहेको नाम, विशेषण, क्रियाविशेषण, संयोजक, विस्मयादिबोधक र नामयोगीहरू पनि समान वितरणको अवस्थामा नरहेको देखिन्छ । यस विश्लेषणको आधारमा नाम पदवर्ग सबैभन्दा बढी र नामयोगी पदवर्ग सबैभन्दा कम मात्रामा प्रयोगमा ल्याइएको स्पष्ट देख्न सकिन्छ ।

यस तालिकाको विवरण अनुसार अध्ययन गरिएको पाठ्यपुस्तकको सन्दर्भमा तत्सम शब्दभण्डार अर्न्तगत संयोजक, विस्मयादिबोधक र नामयोगी सबभन्दा कम प्रयोग वा आवृत्तिमा आएको देखिनुले अन्य पदवर्गको तुलनामा यिनको अत्यन्त कम  महत्त्व वा कम उपयोगिता देखिन आएको छ । अन्य सर्वनाम र क्रियापद पदवर्ग तत्सम प्रयोग नै नआएको चर्चा माथि नै स्पष्ट रूपमा गरिसकियो ।

शब्दको बनोट प्रक्रियामा केवल उपसर्ग लागेर वा मूल शब्दमा प्रत्ययहरू जोडिएर मात्र शब्द बन्दैनन् । दुई शब्दको बीचमा सन्धि भएर वा समास भएर पनि अलग शब्द निर्माण हुने गर्दछ । उपर्युक्त तालिकाहरूमा उपसर्ग र प्रत्यय अथवा पदवर्गहरूको गणना बाहेक शब्द निर्माणमा सन्धि एवम् समास प्रक्रियालाई एकै ठाउँमा गाभेर गणना उल्लेख गरिएको छ । यस्ता सन्धि एवम् समास प्रक्रियाको गणना गर्दा जम्मा सङ्ख्या ५५ प्राप्त हुन आएको छ । जुन सम्पूर्ण अनावृत्त सङ्ख्याको धेरै गुणा कम देखिन्छ । जुनरूप तलको तालिकाबाट स्पष्ट देख्न सकिन्छ ।

तालिका नं. ५

| विवरण | सङ्ख्या |
|---|---|
| अनावृत्त तत्सम शब्द | ५५५ |
| सन्धि एवम् समास भई बनेका शब्द | ५५ |

## अध्याय - चार

# निष्कर्ष, सुझाव र उपयोगिता

## ४.१ निष्कर्ष

कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा विधाका पाठहरूमा समाविष्ट तत्सम शब्दका पदवर्ग एवम् बनोट प्रक्रियाको अध्ययनबाट तिनीहरूको स्थिति पहिल्याउने मुख्य उद्देश्यबाट प्रेरित यस अध्ययन कार्यको अन्तमा निम्नानुसारको निष्कर्ष प्राप्त हुन आएका छन् -

कक्षा दसको नेपाली विषयको पाठ्यपुस्तकको तीनवटै (कर्तब्य, दोषी चस्मा, न्याय पक्ष) कथामा प्रयोग भएका सम्पूर्ण शब्दसङख्या ६२७२ मध्ये अनावृत्त शब्द सङख्या १३५७ को उपस्थितिले के देखाउँछ भने सम्पूर्ण शब्दसङ्ख्यामा नदोहोरिएका शब्द १९ प्रतिशत भन्दा बढी अर्थात यो सङख्याले सम्पूर्ण शब्दहरूको करिव एक चौथाइ भाग ओगटेको छ । यसको अर्थ औसतमा प्रति चार वा पाँच शब्दको अन्तरमा एउटा नदोहोरिएको शब्द आएको छ । यो एउटा शब्द विद्यार्थीका लागि परिचित पनि हुनसक्छ , नौलो पनि हुनसक्छ । यो सहज र कठिनाइको, परिचित र अपरिचितको छुट्टै अध्ययन पनि गर्न सकिन्छ । वाक्यका सन्दर्भमा हेर्दा चार-पाँच शब्दको एउटा सामान्य सरल वाक्य बन्न सक्छ । त्यसमा एउटा नदोहोरिएको शब्द आउनु भनेको कठिनाइका दृष्टिले भन्दा शब्दभण्डारको विकासका दृष्टिले महत्त्वपूर्ण मानिन्छ । यसप्रकार सम्पूर्ण प्रयुक्त शब्दभण्डारको सङ्ख्यामा अनावृत्त शब्दसङ्ख्याको वितरण सन्तोषजनक रहेको छ ।

### ४.१.१ अनावृत्त तत्सम शब्दका सन्दर्भमा

कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा विधाका पाठहरूका अनावृत्त शब्द सङ्ख्या १३५७ मध्ये तत्सम शब्दहरू जम्मा ५५५ रहेको देखिन्छ । यसको अर्थ तत्सम शब्द ३७ प्रतिशतभन्दा बढी र अन्य विभिन्न स्रोतबाट आएका शब्दहरू ६३ प्रतिशत छन् । यसमा २६ प्रतिशतको अन्तर देखिन्छ । यस तथ्याङ्कले अन्य स्रोतबाट आएका अनावृत्त शब्दहरूका तुलनामा तत्सम शब्दको बाहुल्यता बढी नै रहेको देखिन्छ । यसबाट नेपाली भाषामा संस्कृत

तत्सम शब्दहरूको बाहुल्यता तथा वर्चस्व एवम् महत्त्वपूर्ण स्थान रहेको छ भन्ने निष्कर्ष निस्कन्छ ।

## ४.१.२ पदवर्गका सन्दर्भमा

कक्षा दसको नेपाली विषयको पाठ्यपुस्तकको कथा विधाका पाठहरूमा प्रयुक्त अनावृत्त तत्सम शब्दसङ्ख्या ५५५ मध्ये नाम पदवर्गले मात्र ३६९ अङ्क अर्थात् ६७ प्रतिशत प्राप्त गरेको छ । सम्पूर्ण पदवर्गको जोड सङ्ख्या भन्दा नाम पदवर्गको सङ्ख्या अत्यधिक हुनुले भाषामा नाम पदवर्गको स्थान प्रमुख र सुनिश्चित रहेको देखिन्छ । प्रत्येक वाक्यका सन्दर्भमा कर्ता अनिवार्य आउने र कर्ताका रूपमा नाम आउने भएकाले पनि नाम पदवर्गको सङ्ख्या अत्यधिक हुन गएको हो भन्न सकिन्छ । यसपछि विशेषण पदवर्गको सङ्ख्या १५६ अर्थात् ३१ प्रतिशत जति छ । यसले नाम पदवर्गको झन्डै आधा स्थान ओगटेको हुनाले भाषामा विशेषण पदवर्गको अस्तित्व र महत्त्वलाई पनि त्यसै अनुरूप लिन सकिन्छ । अन्य पदवर्गहरूमा क्रियाविशेषण, संयोजक, विस्मयादिबोधक र नामयोगी पदवर्गको वितरण अत्यन्त न्यून भएको हुनाले तत्सम शब्दका सन्दर्भमा यिनको अस्तित्व र उपयोगिता अत्यन्तै कम रहेको देखिन्छ । अझै सर्वनाम र क्रियापद वर्गको त वितरण नै शून्य देखिनुले तत्सम शब्दका सन्दर्भमा यीनको उपयोगिता वा अस्तित्व पनि शुन्य रहेको पाइन्छ ।

## ४.१.३ उपसर्गका सन्दर्भमा

प्रयोगमा आएका २३ वटा तत्सम उपसर्गमध्ये सबभन्दा बढी ‘सम’ उपसर्गले ३० सङ्ख्या अर्थात सम्पूर्ण उपसर्गको आवृत्ति सङ्ख्या १५७ को सापेक्षतामा १७ प्रतिशतभन्दा बढी अङ्क लिएको छ र ‘निस’ उपसर्गले सबभन्दा कम १ अङ्क मात्र हासिल गरेको छ । यसबाट सबभन्दा बढी स्थान वा उपयोगिता ‘सम’ उपसर्गको र सबभन्दा कम उपयोगिता ‘निस’ उपसर्गको देखिन्छ । तथापि यो उपयोगिताको श्रेणीक्रम वर्तमान नेपाली पाठ्यपुस्तकको पाठहरूमा समाविस्ट तत्सम शब्दहरूको सन्दर्भमा मात्र लागू हुन्छ । २३ उपसर्गहरू मध्ये कुनैले पनि १७/१८ प्रतिशत भन्दा माथि अङ्क लिन नसकेकाले कुनैको पनि अरूभन्दा अत्यधिक महत्त्व उपयोगिता भने नरहेको स्पष्ट हुन्छ । सबै उपसर्गको न्यून प्रयोजन एवम् महत्त्व रहेको देखिन्छ । ‘अधि’, ‘दुस्’, ‘परा’, ‘अपि’ उपसर्गको विवरण शून्य

भएको हुनाले यसको महत्त्वमा प्रयोजन पनि यस अध्ययनको सापेक्षतामा शून्य नै देखिएको छ ।

## ४.१.४ परसर्ग/प्रत्ययका सन्दर्भमा

हालसम्म व्याकरणमा पाइएका सबै परसर्ग (प्रत्यय) हरूमध्ये सबभन्दा बढी आवृत्ति सङ्ख्या 'अ' को ७० अर्थात् कुल प्रत्ययहरूको आवृत्ति सङ्ख्या २०२ को सापेक्षतामा ३४ प्रतिशत रहेको छ । यस प्रत्ययले उच्च अङ्क प्राप्त गरेर उपयोगिता र महत्त्वका दृष्टिले माथिल्लो श्रेणी भेट्टाए पनि कतिपय स्थानमा 'अ' प्रत्ययको उपस्थिति शिक्षणीय दृष्टिले महत्त्वहीन रूपमा देखापर्छ, जस्तै उदाहरणको रुपमा कण्ठ - अ (अच्) = कण्ठ, मञ्च् - अ (घञ्) । यस्ता कण्ठ, मञ्च, सुख जस्ता शब्दमा संस्कृत भाषाको शब्द बनोट प्रक्रियाका दृष्टिले 'अच्' प्रत्यय, 'धञ्' प्रत्यय लागेर 'अ' को उपस्थिति स्वभाविक होला तर नेपाली भाषाका सन्दर्भमा सामान्यतः जति अन्य प्रत्यय अन्, इक्, ता जस्ता प्रत्ययलाई खोजी गर्ने, ध्यान दिने वा शब्दलाई छुट्याएर हेर्ने गरिन्छ त्यति त्यसलाई हेरिदैन र खोजिदैन ।

आवृत्ति सङ्ख्या २० भन्दा माथि प्राप्त गरेका २ वटा प्रत्यय 'आ', 'अन्' हुन् । 'आ' प्रत्ययले जम्मा ३२ आवृत्ति सङ्ख्या प्राप्त गरेर दोस्रो स्थानमा रहेको छ । त्यस्तै 'अन' प्रत्ययले २७ स्थान प्राप्त गरेको छ । ई प्रत्ययले १८ आवृत्ति सङ्ख्या र 'इक' प्रत्ययले १४ आवृत्ति सङ्ख्या प्राप्त गरेर आफ्नो अस्तित्व कायम गरेको देखिन्छ । त्यसभन्दा बाहेक अन्य ९ वटा प्रत्ययले दसभन्दा पनि कम अङ्क ल्याएर आफ्नो अस्तित्व मात्र देखाएका छन् । यस्ता प्रत्यय 'य', 'एत', 'ता', 'इक', 'इन', 'इय', 'अनीय', 'अन्त' रहेको छ ।

यस प्रकार निष्कर्षमा के देखिन्छ भने आवृत्ति सङ्ख्या निकै थोरै प्रत्ययले मात्र ओगटेका छन् भने धेरै प्रत्ययहरूले न्यूनतम अङ्क प्राप्त गरेका छन् । यस्ता प्रत्ययले आवृत्ति सङ्ख्या दसभन्दा कम प्राप्त गरेर अस्तित्व मात्र जोगाएका छन् । थोरै प्रत्ययहरूको धेरै आवृत्ति सङ्ख्या हुनुको सट्टा थोरै आवृत्ति सङ्ख्या भएका धेरै प्रत्ययहरूको वितरण तथा प्रयोग भएको पाइयो ।

### ४.१.५ सन्धि एवम् समास भई बनेका शब्दका सन्दर्भमा

अनावृत्त तत्सम शब्दहरू ५५५ मध्ये सन्धि एवम् समास भई बनेका शब्द सङ्ख्यामा ५५ अर्थात ११ प्रतिशत मात्र स्थान लिन सफल भएको देखिन्छ । यस अध्ययनका आधारमा सन्धि एवम् समास भई बनेका शब्दहरूको वितरण र प्रयोगको अवस्था न्यून रहेको पाइन्छ ।

## ४.२ सुझावहरू

शोधकार्यका अन्तमा शोधका निष्कर्षहरूबाट सम्बन्धित विषयमा देखिएका कमी कमजोरीहरूप्रति सचेष्ट रहन र सुधारात्मक कार्य अपनाउनका लागि सुझाबहरू प्रस्तुत गर्नु शोधको अन्तिम उद्देश्य हो । तसर्थ प्रस्तुत अध्ययनका विभिन्न निष्कर्षका आधारमा निम्नानुसार सुझाब प्रस्तुत गरिएको छ ।

- तत्सम शब्दभण्डारको विवरण अनुसार ई, ओ, झ, ठ, ड, ढ, थ गरी ७ वटा वर्णहरूबाट सुरू भएका तत्सम शब्दहरू नै पाइएन । कुनै पनि वर्णको उपस्थिति शब्दज्ञान एवम् शब्दोच्चारणका दृष्टिले महत्वपूर्ण स्थान रहन्छ । त्यसकारण ती आदि वर्णहरूबाट सुरू हुने शब्दहरूको अभाव पूर्ति गर्नु आवश्यक देखिन्छ ।
- तत्सम शब्दभण्डारको विवरणमा ऊ, ट, ष, क्ष, त्र, ज्ञ गरी ६ वटा वर्णबाट सुरु भएका शब्दहरूको प्रयोग अत्यन्त न्यून तथा लोपोन्मूख अवस्थामा भएको पाइयो । यस्ता वर्णहरूद्वारा निर्मित शब्दहरूको अत्यन्त न्यूनताले शब्दभण्डारको विकासमा समेत बाधा पुग्नजान्छ । अतः पाठमा यस्ता शब्दहरूको समुचित प्रतिनिधित्व गराउनु आवश्यक देखिन्छ ।
- शब्द निर्माणका सन्दर्भमा उपसर्गको महत्त्वपूर्ण स्थान रहन्छ । उल्लिखित विवरण अनुसार 'सम', 'आ', 'वि', जस्ता उपसर्गहरूको आवृत्ति सङ्ख्या उच्च रहेका छन् भने 'दूर', 'निस' जस्ता उपसर्गहरूको आवृत्ति सङ्ख्या र स्थान अत्यन्त न्यून रहेका छन् । उपसर्गहरूका बीच प्रयोगको क्षेत्रमा यति ठूलो अन्तर हुनु विद्यार्थीका लागि शब्द निर्माणको सीप विकासका दृष्टिले उचित देखिँदैन । यसकारण अत्यन्त कम आवृत्तिमा आएका उपसर्गलाई समुचित प्रयोगमा ल्याउनु वाच्छनीय देखिन्छ साथै केहि उपसर्गहरूको स्थान शून्य अवस्थामा देखिन्छ तिनीहरूको समेत समुचित प्रयोग गर्नु उपयुक्त देखिन्छ ।

- शब्द निर्माणको सन्दर्भमा प्रत्ययहरूको अझ ठूलो भूमिका हुन्छ । शोध तथ्याङ्क र व्याकरणका पुस्तक अनुसार प्रयोग प्रचलनमा धेरै प्रत्ययहरू भए तापनि 'अ' प्रत्ययले आवृत्ति सङ्ख्या धेरै ल्याएर उच्च स्थान पाएको छ । दोस्रो स्थान प्राप्त गर्ने 'आ' प्रत्यय पनि पहिलोको तुलनामा आधा भन्दा कम स्थानमा देखिन्छ । बाँकी सबै प्रत्ययहरूको स्थान सामान्य र न्यूनतम अवस्थामा रहेको छ । यसबाट भाषाको प्रयोग क्षेत्रमा थोरै प्रत्ययको मात्र बढी आवृत्ति अभ्यास भएको पाइन्छ । यसले शब्द निर्माणमा विभिन्न प्रत्ययहरूको अभ्यासमा सङ्कुचन ल्याउँछ । प्रत्ययको यस प्रकारको केन्द्रिकृत वितरणलाई सन्तुलित वितरणमा परिवर्तन गर्नुपर्ने देखिन्छ ।
- सबै प्रत्ययहरूको शब्द निर्माणमा उत्तिकै महत्त्वपूर्ण प्रयोजन रहन्छ । यस अध्ययनमा १ र २ आवृत्ति सङ्ख्या प्राप्त गर्ने धेरै प्रत्यय उपलब्ध छन् । यस्ता अस्तित्वमा मात्र देखा परेका प्रत्ययहरू शिक्षणीय अभ्यास, पुनरावृत्ति तथा स्मृतिका दृष्टिले महत्त्वहीन सावित हुन्छन् । त्यसकारण यस्ता प्रत्ययहरूलाई कि त हटाउनु पर्ने हुन्छ, कि त तिनको समुचित प्रयोग र अभ्यासका लागि उचित एवम् आवश्यक आवृत्ति सङ्ख्या प्रदान गर्नु पर्दछ ।
- तत्सम शब्द ३७ प्रतिशत भन्दा केही बढी मात्र र अन्य विभिन्न स्रोतबाट आएका शब्द ६३ प्रतिशत जति रहनुले अनावृत तत्सम शब्दहरूको स्थान सामान्य रहेको देखिन्छ । कथा विधाका पाठहरूमा प्रयोग भएका शब्दहरूमा तत्सम शब्द र अन्य स्रोतबाट आएका शब्दमा अन्य स्रोतको शब्दकै स्थान धेरै जस्तो देखिन आएको छ । नेपाली भाषाको माउ अथवा जननी संस्कृत भाषा भएकाले संस्कृतबाट आएका तत्सम शब्दहरूको अत्यधिक उपस्थिति हुनु स्वभाविक देखिन्छ । यद्यपि तत्सम शब्दहरूको उपस्थितिको सर्वमान्य मापदण्ड पाइँदैन । यसका लागि बहुप्रचलित एवम् सरल तत्सम शब्द र जटिल तत्सम शब्दहरू छुट्याई अध्ययन गर्नुपर्ने हुन्छ । वर्तमानमा कक्षा दसको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधाका पाठमा अनावृत तत्सम शब्द ३७ प्रतिशत उचित र उपयुक्त नै देखिए पनि भविष्यमा गरिने पाठ्यपुस्तकको परिमार्जन एवम् संशोधनमा भाषाको स्तरीयता र शब्दभण्डारको विकासका लागि अनावृत तत्सम शब्दलाई ५० प्रतिशत भन्दा बढी पुऱ्याउनु आवश्यक र उपयुक्त देखिन्छ ।

## ४.३ उपयोगिता

### ४.३.१ नीतिगत तह

विचार सम्प्रेषणको माध्यम जस्तो महत्त्वपूर्ण र संवेदनशील विषयलाई नीति निर्माताको रूपमा रहेका राजनैतिक दलहरूले यसको गरिमालाई बुझ्न आवश्यक छ । भाषाको अभावमा मानवले एक अर्काको भावना, संवेदना व्यक्त गर्न नसकेर पशुतुल्य जीवन गुर्जान बाध्य हुनुपर्दछ । भाषाको महत्त्व र आवश्यकतालाई महसुस गरेर नै वाणी विहिनहरूका लागि साङ्केतिक भाषाको समेत विकास भएको छ । नेपाली भाषाको मूल स्रोत संस्कृत भाषा भएको र नेपाली भाषाको शब्दभण्डारमा यसको आधिक्यता र छुट्टै महत्त्व भएको हुँदा तत्सम शब्दहरूको पहिचान र विकासमा राज्यको तर्फबाट सो को लागि आवश्यक पहलकदमी गर्नु अपरिहार्य देखिन्छ । यस तर्फ नीति निर्माणको तहमा रहने/पुग्नेहरूले यसको दायित्व बहन गर्न ध्यानाकर्षण समेत गराइन्छ ।

### ४.३.२ प्रयोजनगत तह

तत्सम शब्दको आफ्नै महत्त्व र स्थान रहेको छ । यसको नेपाली व्याकरण लगायत भाषा विज्ञानमा समेत छुट्टै पहिचान दिन सफल भएको छ । नेपाली भाषाको मौलिक शब्द मानिएको तत्सम शब्दको शैक्षणिक प्रयोजन सबै तहमा रहेको छ । तत्सम शब्दको अभावमा नेपाली भाषा साङ्ग हुन सक्दैन । यस परिप्रेक्ष्यमा गरिएको यो शोधपत्रले अन्य शोद्यार्थीहरूको थप सामग्री र अध्येताहरूका लागि पनि उपयोगी हुन सक्दछ । तत्सम शब्दहरूको चर्चा परिचर्चा र विश्लेषणमा यो शोधपत्रले एक इटा थप्ने काम समेत गर्ने अपेक्षा गरिएको छ । प्रबध वर्गले यसको औचित्य र प्रयोजनगत तहमा भूमिका निर्वाह गरिदिनु हुनेछ ।

भाषाको सिकाइ शिक्षणमा शब्दभण्डारको विकास गर्नु जति आवश्यक हुन्छ, शब्दका कार्य र संरचना बारे जानकारी हुनु पनि उत्तिकै महत्त्वपूर्ण रहेको हुन्छ । शब्दभण्डारको विकास गर्नु भनेको शब्दको अर्थ पहिल्याइ ठीकसँग वाक्यमा प्रयोग गर्न जान्नु हो । शब्दको अर्थ पहिल्याउन शब्दको आन्तरिक संरचनाले मदत गर्दछ भने कुन शब्द वाक्यको कुन परिवेशमा प्रयोग गर्नु उपयुक्त हुन्छ भन्ने कुरा पदवर्गको जानकारीले स्पष्ट पार्दछ । त्यसकारण शब्दको पदवर्ग र बनोट प्रक्रियाको जानकारी हासिल गर्नु शैक्षिक दृष्टिले

महत्त्वपूर्ण छ । अझ अन्य शब्दको तुलनामा संस्कृतबाट आएका तत्सम शब्दको बनोट प्रक्रिया जटिल रहेको हुन्छ । यसकारण पनि तत्सम शब्दको बनोट प्रक्रियाको अध्ययन गर्नु शैक्षणिक प्रयोजनका दृष्टिले आवश्यक रहेको देखिन्छ । यस अध्ययनमा शैक्षणिक प्रयोजनका अन्य थप केही बुँदाहरू निम्नानुसार रहेका छन् -

(क) यस अध्ययनबाट कक्ष दसमा अध्यापन गर्ने भाषा शिक्षकलाई नेपाली पाठ्यपुस्तकका कथा विधाका पाठहरूमा अनावृत्त तत्सम शब्दका वर्गहरू पहिचान गरी शिक्षण कार्य गर्न सहयोग पुग्नेछ ।

(ख) यस शोधकार्यको अध्ययनबाट नेपाली पाठयपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको संरचना के कस्ता रहेका छन् भनी जानकारी प्राप्त गर्न सकिनेछ र शिक्षण कार्यलाई प्रभावकारी तुल्याउनेछ ।

(ग) यसको अध्ययनले शब्दसंरचनाको मूल वा प्रकृति पत्ता लाग्ने हुनाले शब्दको वास्तविक अर्थ कसरी व्युत्पत्ति भएको रहेछ भनी जानकारी पत्ता लाग्दछ र शब्दको मूल अर्थ तथा मर्म बुझी परिवेश अनुरूप अर्थको प्रयोग गर्न सघाउ पुग्नेछ ।

(घ) प्रस्तुत अध्ययनको निष्कर्षको आधारमा पाठ्यक्रम पाठ्यपुस्तक निर्मातालाई नेपाली पाठ्यपुस्तक तयार पार्दा प्राप्त तथ्याङ्कलाई आधार मानी तत्सम शब्दहरू कति प्रतिशत समावेश गर्ने, कुन पदवर्गको आवृत्ति कति गर्ने, कुन उपसर्गको सन्तुलित वितरण गर्नु आवश्यक छ भन्ने कुराको मार्गनिर्देशनको काम गर्नेछ ।

## ४.४ भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू

शोध अध्ययन कार्य गहन, व्यापक एवम् विस्तृत कार्य हो । जति अध्ययन गर्दै गयो उति एकै विषय भित्र पनि थुप्रै हाँगाविँगा तथा गहन पक्षहरू देखा पर्दै जान्छन् । ती हाँगा तथा पातहरू सबै चाल्न, केलाउन विषयको सीमाङ्कनले सम्भव हुँदैन । अध्ययनका क्रममा विषयका विभिन्न अनुत्तरित प्रश्न तथा समस्याहरू उद्घाटित हुँदै जान्छन् । त्यस्तै अनुत्तरित पक्ष एवम् समस्याहरूलाई आगामी अनुसन्धान कर्ताका लागि नासोका रूपमा कार्यभार थमाइदिनु पनि शोधकार्यको अन्तिम कार्य हुन आउँछ । आगामी दिनहरूका भावी अनुसन्धानहरूलाई अझ गहिराइका साथ अझ नयाँ शिरा एवम् कोणबाट समस्याको अध्ययन गरी नयाँ आविष्कृत कुराको प्रस्तुत गर्दै भाषालाई अझ उन्नत र समृद्ध तुल्याउन

सहयोग गर्नु भनेको भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू यसप्रकार छनोट तथा प्रस्तुत गर्न सकिन्छ -

(क) आगन्तुक र तत्सम शब्दका बीच तुलनात्मक अध्ययन ।

(ख) कक्षा दसको नेपाली भाषाको पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको अध्ययन ।

(ग) कक्षा दसको नेपाली भाषाको पाठ्यपुस्तक अन्तर्गत समाविष्ट शब्दहरूको कठिनाइ स्तरको अध्ययन ।

(घ) माध्यमिक तहमा नेपाली पाठ्यपुस्तक अर्न्तगत प्रयुक्त तत्सम उपसर्गका सापेक्षतामा नेपाली उपसर्गको अध्ययन ।

(ङ) माध्यमिक तहमा नेपाली पाठ्यपुस्तक अर्न्तगत प्रयुक्त तत्सम प्रत्यय र नेपाली प्रत्ययहरूको उपस्थितिको अध्ययन ।

(च) कक्षा दसमा अध्ययनरत विद्यार्थीको शब्द निर्माण प्रक्रिया क्षमताको अध्ययन ।

(छ) कक्षा दसको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त सन्धि र समास भई बनेका शब्दहरूको अध्ययन ।

(ज) कक्षा दसको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त प्रत्यय शब्दको र अन्य शब्दका पदवर्गको अध्ययन ।

## सन्दर्भसामग्री

अधिकारी, हेमाङ्गराज २०६६. **सामाजिक नेपाली व्याकरण**. बागवजार, काठमाडौँ : सुलभ कम्प्युटर सर्भिस ।

———————— २०६८. **प्रायोगिक नेपाली ब्याकरण**. पुल्चोक, ललितपुर : साझा प्रकाशन ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई २०६८. **प्रयोगात्मक नेपाली शब्दकोश**. काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

खड्का, गोमाकुमारी २०६७. **कक्षा- ११ को सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन**. अप्रकाशित स्नातकोत्तर शोधपत्र. इटहरी : जनता बहुमुखी क्याम्पस, त्रि.वि. ।

घिमिरे, थिरप्रसाद २०६८. **सृजना नेपाली ब्याकरण.** काठमाडौँ : सृजना इन्टरनेशनल पब्लिकेसन प्रा.लि. ।

ढुङ्गेल, बासुदेव २०७०. **हाम्रो नेपाली ब्याकरण र रचना माला.** काठमाडौँ : टाइम्स इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

थापा, चन्द्रबहादुर २०५७. **कक्षा-१० को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन.** अप्रकाशित स्नातकोत्तर शोधपत्र. कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

दाहाल, शान्ता २०६७. **कक्षा-११ को सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन.** अप्रकाशित स्नातकोत्तर शोधपत्र. इटहरी : जनता बहुमुखी क्याम्पस, त्रि.वि. ।

पोखरेल, बालकृष्ण र साथीहरू २०४०. **नेपाली वृहत् शब्दकोश.** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, नवीन २०७०. **अनिवार्य नेपाली सहयोगी.** काठमाडौँ : गुडविल पब्लिकेसन प्रा.लि. ।

बन्धु. चूडामणि २०५२. **नेपाली भाषाको उत्पत्ति**. काठमाडौँ : साझा प्रकाशन ।

बराल, कृष्णहरी २०६८. **सरल माध्यमिक व्याकरण**. काठमाडौँ : तलेजु प्रकाशन ।

भण्डारी, पारसमणि २०६३. **स्नातकोत्तर नेपाली शिक्षा शोधविवरण.** काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

**माध्यमिक तहको नेपाली पाठ्यक्रम.** २०६४. सानोठिमी भक्तपुर : नेपाल सरकार. शिक्षा तथा खेलकुद मन्त्रालय. पाठ्यक्रम विकास केन्द्र ।

लुइटेल, खगेन्द्र २०५३. **नेपाली प्रकृति प्रत्यय कोश.** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज २०६२. **शब्दरचना र वर्णविन्यास.** काठमाडौँ : काठमाडौँ बुक सेन्टर ।

# व्यक्तिगत विवरण

फोटो

नाम : देवीमाया नेम्बाङ्ग

माता : कमलकुमारी नेम्बाङ्ग

पिता : वीरबहादुर नेम्बाङ्ग

जन्म मिति : २०४२/८/१८

ठेगाना : कनकाई नगरपालिका-२, जामुनबारी

शैक्षिक योग्यता : एम.एड.

पेसा : शिक्षक